पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २८ | २०७२ फागुन १४ गते शुक्रबार (Feb 26 , 2016) | मूल्य रू. १०/-

## मन्त्री पोखरेलको सरूवा आतंक

काठमाडौं । एमाओवादीबाट केपी ओली नेतृत्वमा सरकारमा गएका मन्त्रीहरूले आफूखसी काम गरेको र आ–आफ्ना मन्त्रालयहरू राम्रारी सञ्चालन गर्न नसकेको आवाज एमाओवादीभित्रै उठेको बेला शिक्षामन्त्री गिरिराजमणि पोखरेलले भने गैरकानुननी रूपमा सरूवा गर्न थालेपछि शिक्षा मन्त्रालयभित्रै आतंक मच्चिएको छ । मन्त्रालयभित्रै सरूवा आतंक मच्चिए पनि मन्त्री पोखरेल भने जसरी भएपनि आफूले गरेको सरूवालाई वैधानिक बनाउन लागिपरेका छन् । गत भदौ र असोजमा सरूवा भएका कर्मचारीलाई मन्त्रीले धमाधम काज सरूवा गर्न थालेका छन् । निजामति ऐनमा भने भदौमा मात्र मन्त्रालयले सरूवा गर्न पाउने कानुनी व्यवस्था भएपनि त्यसलाई उल्लंघ गर्दै मन्त्री पोखरेल अघि बढेका छन् ।

(बाँकी अन्तिम पेजमा)

# लोकतान्त्रिक राजतन्त्र पुनर्स्थापनाको चर्चा

काठमाडौं । प्रधानमन्त्री केपी ओली भारत भ्रमण गरेपश्चात भारतीय प्रधानमन्त्री र प्रधानमन्त्री ओलीबीच भएको सहमति र कुराकानीका बारेमा संयुक्त प्रेस विज्ञप्ति जारी नहुनुको पछाडि नेपाललाई हिन्दूराज्य बनाइनु पर्ने अडान भारतले राखेको र कुनै न कुनै हालतको लोकतान्त्रिक राजतन्त्र हुनुपर्ने कुरामा विवाद उत्पन्न भएपछि विज्ञप्ति जारी नभएको सुत्रले दाबी गरेको छ ।

संविधान कार्यान्वयन हुननसक्ने स्थिति, भारतमा आइएस र चीनमा उइगुर मुस्लिम विद्रोह रोकेर सुरक्षा मामिला मजबुत पार्नसमेत इण्डो, अमेरिका र चाइना मिलेर नेपालमा लोकतान्त्रिक राजतन्त्र स्थापना गर्न आवश्यक भएको विषयमा सहमति भइसकेको विषयले नेपालको राजनीतिभित्रको राजनीतिमा ठूलै हल्लाखल्ला चलिरहेको छ ।



यही राजनीतिक तापक्रमलाई ह्वात्तै बढाउने गरी फागुन ७ गते अहिलेसम्मकै कडा सन्देश दिएका छन् पूर्वराजाले । थाइलेण्डमै चीनका उच्चाधिकारीसँग वार्तागरेपछि गत फागुन १० गते पूर्वराजा थाइलेण्डबाटै दिल्ली पुगेका छन् । दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीलगायतका राजनेताहरूसँग भेटेर थाइलेण्ड फर्केका पूर्वराजा भान्जाको बिहेमा (कुमार खड्गविक्रमका छोरा) सरिक हुन काठमाडौं फिर्ने भएका छन् ।

नेपाली नेताहरूमा विश्वास र भरोसाको कमी भएको र क्रिश्चियन धर्मप्रचारक बनेर नेपाललाई हिन्दूराष्ट्रको पहिचानबाट अलग बनाएकोमा अहिले पनि भाजपा रूष्ठ छ । यही रूष्ठताका कारण नरेन्द्र मोदीको हार्दिकता प्रदर्शन गर्ने अंकमालबाट दिल्ली पुगेका प्रधानमन्त्री केपी ओली बर्जित बन्नपुगे । यतिमात्र होइन, नरेन्द्र मोदीले अझै पनि नेपालको संविधानको स्वागत गरेनन् र नेपालका बाँकी समस्या वार्ता तथा संवादबाट समधान हुने विश्वासमात्र प्रकट गरे । ओलीको भारत भ्रमणमा भएका ९ सन्धिमा पनि उही पुरानै प्रतिवद्धताभन्दा भिन्न केही पनि नयाँ देखिएन । बंगलादेश

(बाँकी अन्तिम पेजमा)

## राप्रपा नेपाल पनि तात्यो



काठमाडौं । नेपाली सेनाको गोप्य टोली दिल्ली किन गयो ? यसबारेमा राजनीतिक दलहरू ससंकित छन् । उनीहरूको मान्ना छ कि यो टोली नेपालमा राजसंस्था पुनर्स्थापना गर्न जरूरी छ भन्ने घटनाक्रमका बेलिबिस्तारको फाइल बोकेर गएको हो ।

यसैवीच राप्रपा नेपालले राजतन्त्र र हिन्दूराष्ट्र पुनर्स्थापनाका लागि फागुन १५ गते इटहरिबाट बृहद हिन्दू धार्मिक जागरणसभा सुरू गरेर देशैभरि

(बाँकी अन्तिम पेजमा)

## रामचन्द्र कि शेरबहादुर कांग्रेसको सभापति ?

काठमाडौं । सुशील कोइरालाको निधनपछि कान्छा कोइरालाहरूले पार्टी थाम्न नसक्ने स्थिति आएको छ र नेपाली कांग्रेसको नेतृत्व लिन रामचन्द्र पौडेल र शेरबहादुर देउवावीच भाले भिडन्त हुने भएको छ । यद्यपि सभापति हुन्छु भनेर सुजाता कोइराला शेखर कोइराला, शशांक कोइराला, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंहहरू उचालिएका छन् । कांग्रेसभित्रैबाट खबर आएको छ, यो सबै स्टन्टमात्र हुन् । संस्थापनलाई फुटाएर रामचन्द्रलाई कमजोर पार्ने देउवाको चालबाजी हो यो ।

देउवाले सुजाता र शशांकलाई उपसभापति र महामन्त्री दिने प्रस्ताव गरिसकेका छन् । यसको अर्थ देउवा आफू मजबुत उमेदवार हुने रणनीतिमा लागिसकेका छन् । रामचन्द्र पौडेल कमजोर छैनन् तर देउवाका तिकडम र

(बाँकी अन्तिम पेजमा)

## तरूनी देख्यो कि सन्किने न्यायाधीशलाई संरक्षण ?

काठमाडौं । केटी देख्यो कि यौनतृष्णाले सताउने सन्किने न्यायाधीशद्वय महोत्तरीका प्रकाश ढुंगाना र पूर्णप्रसाद बास्तोलालाई प्रधानन्यायधीशले राजधानी झिकाएर संरक्षण गरेका छन् । अदालतमा बढेको भ्रष्टाचार र दुस्प्रवृत्ति रोकेर सुधार गर्छु भनेका प्रधानन्यायधीशको यो चर्तिकलाले न्यायक्षेत्र नै जिल्लाराम परेको छ ।

प्रधानन्यायधीश कल्याण श्रेष्ठ अत्यन्त काविल, लोभ नभएको र ढाडमा हाड भएको भनेर चिनिन्छन् । नैतिकवान भनेर नाम कमाएका प्रधानन्यायाधीशले सिंगो न्यायक्षेत्रलाई बदनाम गर्ने न्यायाधीशलाई ठाडै कारवाही गर्लान् भनेको त चिलले बच्चा च्यापेजस्तो गरी च्याप्नुले कल्याणको

(बाँकी अन्तिम पेजमा)

## बाटो तपाईंहरूले खोलेको होइन र ?

काठमाडौं । नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणको क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संविधानप्रति गरेको टिप्पणीलाई लिएर एमाले वरिष्ठ नेता



एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले असन्तुष्टी जनाएका छन् । प्रधानमन्त्री केपी ओलीको भ्रमणका क्रममा शनिबार दिल्लीमा आयोजित संयुक्त पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्री मोदीले संविधानको सफलता सहमति संवादमा भरपर्ने भन्दै राजनीतिक वार्ताको माध्यमबाट नेपालका सबै वर्गलाई साथ लिएर संविधानसँग जोडिएका सबै मुद्दाको सन्तोषजनक रूपमा

(बाँकी अन्तिम पेजमा)

## न्यायाधीश नियुक्तीमा कानुनविद् नै बाधक

अभियान संवाददाता

काठमाडौं । अघिराज्यभरका कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एशोसिएसन र कानुन व्यवसायीहरूको अन्यौलताका कारण सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तीको बाटो बन्द भएको छ । सर्वोच्च अदालतका प्रधानन्यायाधीश कल्याण श्रेष्ठ आफ्नो पदावधि चैत्र मसान्तभित्रै सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ती गर्ने मनस्थितिमा भएपनि नेपाल बार र कानुन व्यवसायीहरूको असहमतिका कारण आफ्नो पदावधि समाप्त हुने चैत मसान्तभित्र न्यायाधीश नियुक्त नै नगरी घर जाने प्रायः पक्कापक्की भएको छ । नयाँ संविधानले सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीशको व्यवस्था गरेको भएपनि अहिले सर्वोच्च अदालतमा १० जना न्यायाधीश मात्र रहेका छन् । सर्वोच्च अदालतमा अहिले झण्डै २५



हजार मुद्दा थाती रहेका बेला अदालतमा न्यायाधीश नियुक्त हुन नसक्नुको परिणाम न्यायको पक्षमा रहेका पीडितहरूले अरूकै कारण दुःखकष्ट पाइरहेका छन् ।

व्यवास्थापिका संसदको बैठक अन्त्य भएको र संसदीय सुनुवाई सम्बन्धी नियमावली नबनेका कारण तत्कालै

(बाँकी अन्तिम पेजमा)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# असमझदारी हटेकै हो त ?

*जनताका निर्वाचित जनप्रतिनिधिहरुको थलो संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात छिमेकी मुलुक भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमै खोलेको छ । नाकाबन्दी नखुलेसम्म भारतको भ्रमण नगर्ने अडान लिएका प्रधानमन्त्री केपी ओली भारतले नाकाबन्दी खोलेपछि भारत भ्रमण गरेर नेपाल फर्किसकेका भएपनि भारतले प्रधानमन्त्री ओलीसँग गरेका प्रतिबद्धताहरु पुरा गरेको छैन । अघोषित नाकाबन्दीले गर्दा भूकम्पको पीडामा परेका नेपाली जनतामाथि घाउमा नून छर्कने काम भएको छ । भूकम्पले पीडित भएका जनताले अहिलेसम्म पनि उचित मात्रामा राहत पाउन सकेका छैनन् भने नेपलाको अर्थिक अवस्था थलालिंग अवस्थामा पुगेको छ । राजस्व उठ्ती ब्यापक मात्रामा कटौती भएको हुनाले विकास निर्माणका कार्यहरु प्रायः ठप्प भएका छन् । इन्धन, ग्यासको अभावमा नेपाली जनताको चुलो बन्द समेत भएको अवस्थामा प्रधानमन्त्री ओलीले भारतको भ्रमण गरेका भएपनि भ्रमणपछि पनि इन्धन ग्याससलगायतका अन्य अत्यावश्यकीय वस्तुहरु सहजरुपमा उपलब्ध हुन नसक्नुले ओलीको भ्रमणबाट पनि नेपाल-भारतबीचको सम्बन्ध सुदृढ भएको छैन भन्ने विस्तारै प्रमाणित हुँदै गएको छ । आफ्नो भारत भ्रमण सफल भएको सार्वजनिक रुपमै अभिब्यक्ति दिएपनि त्यसलाई विश्वास गरिहाल्ने अवस्था देखिएको छैन ।*

*प्रधानमन्त्री ओलीले आफ्नो भ्रमणले दुई देशबीच रहेको असमझदारी हटाएको घोषणा दिल्लीबाटै गरेका छन् । निश्चयपनि दुई देशका प्रधानमन्त्री तहमा प्रत्यक्ष संवाद भएको छ । राजनीतिकस्तरमा भएको कुराकानीले धेरै आशंका चिर्न मद्दत पुऱ्याएको हुनुपर्छ । तर त्यति हुँदाहुँदै पनि द्विपक्षीय सम्बन्धमा देखा परेका काला बादलहरु हिटसेको हुन् कि होइनन्, त्यसको वास्तविक परिक्षण भने आगामी दिनमा भारतले गर्ने ब्यवहारले प्रष्ट्याउने छ । भारतीय प्रधानमन्त्रीले जो कोही विदेशी नेतालाई भेट्दा अँगालो मार्ने मोदीले प्रधानमन्त्री ओलीलाई भेट्दा त्यसको विपरितको ब्यवहार र कतिपय अवस्थामा कृत्रिम जस्तो लाग्ने शैली अपनाएका हुनाले त्यसले के संकेत गर्छ ? नेपालमाथि लगाएको अघोषित नाकाबन्दी आफ्नै निम्ति प्रत्युत्पादक बनेको भारतीय राजनीतिक नेतृत्वको ठहर र त्यसबाट भएको क्षतिको न्यूनिकरण गर्ने प्रमुख उद्देश्य सहित प्रधानमन्त्री ओलीलाई दिल्लीमा स्वागत गरिएको बुझ्न कसैलाई कठीन भएन । ओली सरकार पनि भारतसँग सम्बन्ध सुधार गर्न लालायित भएको पृष्ठभूमीमा भारतीय सरकारको आग्रसरताले मूर्तरुप लिएको हो भन्ने स्वीकार गर्नैपर्छ तर त्यति हुँदाहुँदै पनि गन्तब्य भने अहिलेसम्म पनि प्रष्ठ हुन सकेको छैन । यी सबै कारणहरुले गर्दा नेपाल-भारतबीचको सम्बन्ध पहिलेकै अवस्थामाआएको भन्ने अहिले नै स्वीकार गरिहाल्नु छिटो हो कि भन्ने आशंका समेत उब्जिएको छ ।*

*भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री केपी ओलीसँगको प्रत्यक्ष भेटमा दशकौं पछिको संघर्षपछि नेपालमा संविधान निर्माण भएको र संविधान जारी एक महत्वपूर्ण उपलब्धि भएको प्रतिक्रिया जनाउनु राजनीतिक क्षेत्रमा साकारात्मक पक्ष हो । यसअघि भारतले नेपालको संविधानप्रति नकारात्मक भाव जनाउने प्रतिक्रिया दिँदै आएको थियो । त्यति हुँदा हुँदै पनि मोदीको सन्देश समेत शर्तरहित नरहेको प्रधानमन्त्री ओलीले बुझेकै हुनुपर्छ । ओली र मोदीको संयुक्त पत्रकार सम्मेलनमा राजनीतिक वार्तालाभका माध्यमबाट नेपालका सबै वर्गको साथ लिएर तपाईहरु नेपालको संविधानसँग जोडिएका सबै मुद्दाको सन्तोषजनक निराकरण गर्नुहोस् भनेर मोदीले दिएको निर्देशनात्मक प्रकृतिको सुभावले के भन्दछ ? मोदीको यो भनाइले अब असमझदारी नरहेको भन्ने प्रधानमन्त्री ओलीले त्यही कार्यक्रममा गरेको टिप्पणीलाई कताकता खण्डन गरेको जस्तो देखिनुले नेपाल-भारतबीचको कालोबादल अझै हटिनसकेको अभास हुन्छ ।*

*भारतले पटक-पटक नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै विभिन्न खालका अभिब्यक्तिहरु दिने गरेको छ । त्यसैक्रममा उसले अनौपचारिक अवसरहरुमा समेत नेपालको अन्तरिक राजनीतिक मामिलामा यसरी गर्ने गरेको टिप्पणीहरुलाई कुनै हालतमा पनि स्वागत योग्य स्वीकार गर्न सकिँदैन । यी सबै समस्याको जड भनेको हाम्रा राजनीतिक दल र तिनका नेताहरु नै हुन् । आफ्नो घर सम्हाल्न नसक्दा नमागिएको सल्लाह छिमेकीहरुले दिने गरेका र आफूलाई आवश्यक पर्दा तिनै छिमेकीहरुको अगाडि लम्पसार पर्ने प्रवृत्तिले गर्दा छिमेकी मुलुक भारतले नेपालमाथि अनावश्यक दबाब दिँदै आएको हो । केही सयम पहिला मधेस आन्दोलनका बेला मधेस आन्दोलनलाई देखाउँदै नेपालको आन्तरिक मामिलामा प्रत्यक्ष हस्तक्षेप गरेको नेपाली जनताले भुलेका छैनन् । भारतको सहयोग र समर्थनमा मधेस आन्दोलन हुनु र त्यस आन्दोलनमा दर्जनौं नेपाली नागरिक मारिए, त्यसलाई राजनीतिक दल र सरकारले वेवास्ता गर्ने वा भुल्ने प्रयास गरिए त्यसले मुलुकलाई नै अर्को जटिलता तर्फ धकेल्न सक्छ । खास गरेर सीमाकंनको पुनरावलोकन गर्ने सम्बन्धमा विज्ञहरु सम्मिलित कार्यदल बनाएर अघि बढ्ने सरकार, राजनीतिक दलहरुको सहमितलाई अब तत्कालै कार्यान्वयनको बाटोमा लैजानु आवश्यक छ । राजनीतिक मुद्दाहरु राजनीतिक तहमै समाधान गरेमात्र त्यसले सहीरुपमा निकास दिन सक्छ । आफ्नो भारत भ्रमणले सबै असमझदारीहरु हटाएको अर्थ लगाएर ओली सरकार ढुक्क हुनुपर्ने अवस्था अहिले होइन भन्ने हामीले ठानेका छौं ।*

# के सम्बन्ध सुधार भएकै हो ?

*देवेन्द्र चुडाल*

संविधानसभाले नयाँ संविधान निर्माण गरी जारी गरेपश्चात प्रधानमन्त्री केपी ओली पहिलो औपचारिक भारतको ६ दिने भ्रमण गरेर स्वदेश फर्किएका छन् । प्रधानमन्त्री ओली स्वदेश आउनु अघिद्ध नै भ्रमणका बारेमा टिकाटिप्पणीहरू सुरू भएका थिए र अहिले पनि त्यो क्रम जारी नै रहेको छ । भ्रमणको टिका टिप्पणी सत्ताधारी दल एमाओवादी अधयक्ष पुष्पकमल दाहालबाट सुरू भएको हो । भ्रमणलाई नजिकबाट हेरिरहेकाहरूले ओलीको भारत भ्रमणबाट खासै केही प्रगती नहुने आशंका समेत जनाएका थिए । त्यसमा पनि मधेसवादी दलहरूले मुलुकभित्रका समस्याहरूको समाधान नगरी प्रधानमन्त्री भारत भ्रमणमा गएका हुनाले भ्रमणलाई कर्मकाण्डी मात्र भएको उद्घोष समेत गरेका थिए । मधेसवादी दलहरूले आफूहरूले उठाएका मुद्दाहरू सम्बोधन नगरिएको हुनाले आन्दोलन गर्नुपरेको भन्दै भारतलाई सहयोग र समर्थन गरिदिन आग्रह गरेका थिए । तर संविधनसभाले निर्माण गरेरको संविधानलाई पहिलो पटक संशोधन गर्दै जनसंख्याका आधारमा निर्वाचन क्षेत्र र राज्यक प्रत्येक निकायमा समानुपातिक सिद्धान्तका आधरामा प्रतिनिधित्व गराउने संवैधानिक व्यव्स्था भएपछि भारत नेपालको संविधानप्रति केही सकारात्मक देखिएको छ ।

संविधानको पहिलो संशोधन पछि भारतले अघोषित रूपमा लगाएको नाकाबनदी अघोषित रूपमै खोले पनि अझै नेपालले चाहे जति इन्धन र ग्यास आपूर्ति नगरेको हुनाले भारतप्रति नेपालमा अझै केही आशंका रहेको आवस्थामा प्रधानमन्त्री केपी ओलीबाट भएको भ्रमणले सबै असहमजदारी हट्ने विश्वास लिएको भएपनि त्यसो हुन सकिरहेको छैन । नेपालका प्रधानमन्त्री र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आयोजना गरेको संयुक्त पत्रकार सम्मेलनमा मोदीले दिएको अभिव्यक्तिहरू प्रति पनि आंशका जन्मिएका छन् । भारतीय प्रधानमन्त्रीले परम्परागत ढंगले प्रधानमन्त्री ओलीलाई स्वागत नगर्नु र संयुक्त पत्रकार सम्मेलनमा समेत सबै वर्ग र क्षेत्रलाई समेटेर लगेको खण्डमा मात्र संविधानको कार्यान्वयन सहज हुने निर्देशनात्मक अभिव्यक्ति दिएका हुनाले भारतीय नेतृत्व पछिल्लो समयमा पनि नेपाली नेतृत्वप्रति विश्वस्त हुन नसकेको जस्तो आभास मिलेको छ । प्रधानमन्त्री ओलीले भारत भ्रमणको लागि नाकाबन्दी खोल्नुपर्ने अडान लिएका थिए । ओलीलाई भारत भ्रमण गराउनका लागि मात्र भारतले नाकाबन्दी खोलेको हुनाले प्रधानमन्त्री ओली भारत भ्रंमण गएका थिए । यति हुँदा हुँदै पनि प्रधानमन्त्री ओलीको भारत भ्रमण सम्पन्न भइसके पनि नेपाललाई आवश्यक पर्ने इन्धनलगायत अन्य अत्यावश्यकीय वस्तुहरू सहजरूपमा आपूर्ति हुन नसक्नुले नेपाल भारतबीचको सम्बन्धमा सुधार भएको छ भनेर विश्वास गरिहाल्ने अवस्था भने देखिएको छैन ।

पछिल्लो समयमा भारतको सहयोग र समर्थनमा नै रक्सौल वीरगञ्ज नाकामा बसेर सामान आपूर्तिमा अवरोध सिर्जना गर्दै काठमाडौंलाई घुँडा टेकाउन बाध्य पार्ने र खानादाना विहीन अवस्थामा पुऱ्याउने चेतावनी दिने मधेसवादी दलका नेताहरूले प्रधानमन्त्री ओली भारतीय प्रधानमन्त्री मोदीको पोल्टा पुगेको प्रतिक्रिया दिएका छन् । यदि त्यसो हो भने भारतीय पोल्टाकै मधेसवादी दलका नेताहरूको अभिव्ययक्ति ओलीका बारेमा नराकारात्मक रहेको छ । यदि ओली साच्चिकै भारतीय प्रधानमन्त्रीको पोल्टामा पुगेका हुन भने मधेसवादी दलहरूले त त्यसको स्वागत गर्नुपर्ने थियो । आफ्नो पक्षमा प्रधानमन्त्री नै आएपछि उनीहरूले स्वागत गर्नुको बदला ओलीप्रंति नकारात्मक टिप्पणी गरेका हुनाले मधेसवादी दलहरूले लगाएको आरोपमा सत्यता नभएको प्रमाणित भएको छ । जहँसम्सम्म ओलीको भारत भ्रमणको कुरा छ, यसले नेपाल-भरत सम्बन्धमा लागेको टाटो हटाएको मात्र छैन, नयाँ उचाईमा पुऱ्याएको एक थरी राजनीतिक विश्लेषकहरूले बताउन थालेका छन् । के ओलीको भारत भ्रमणले नेपाल भारत सम्बन्धलाई नयाँ उचाईमा पुऱ्याएको हो त ? ओली प्रधानमन्त्री बन्नु अघि नै भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाएको थियो । त्यसबेला नेपाल भारत बीचको सम्बन्धमा दरार उत्पन्न भएको सत्य वास्तविकता हो । ओलीले प्रधानमन्त्रीमा नियुक्त हुनासाथ राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताका पक्षमा कसैसँग सम्झौता नगर्ने अभिव्यक्ति दिएका थिए । उनले नेपालले नेपालकै जनताका लागि संविधान बनाएका हुनाले कसैले टाउको दुखाउनु नपर्ने अभिव्यक्ति समेत दिएका थिए । जे भएपनि प्रधानमन्त्री ओलीले अहिलेसम्म नेपाली जनतामाथि घात गर्ने र राष्ट्रघाती कार्य नगरेका हुनाले जनताले ओलीलाई साथ दिँदै आएका छन् । ओलीले तिनै जनताको साथ पाएर नै भारतमा गएर पनि आफ्नो भनाई बडो होसियारी पूर्वक राख्न सकेका हुनाले एक किसिमले ओलीके भारत भ्रमणलाई सफल मान्न सकिला तर, पूर्ण उपलब्धिमूलक स्वीकार गर्न सकिने अवस्था भने होइन । भारतले अहिलेसम्म जनप्रतिनिधिहरूले निर्माण गरेको संविधानलाई पूर्ण रूपमा स्वीकार गर्न सकेको छैन । त्यसको प्रत्यक्ष उदाहरण प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीले आयोजना गरेको संयुक्त पत्रकार सम्मेलनमा भरातीय प्रधानमन्त्री मोदीले दिएको अभिव्यक्तिले नै प्रमाणित गरेको छ । संयुक्त पत्रकार सम्मेलनमा एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पनन मुलुकका प्रधानमन्त्रीलाई अगाडि राखेर निर्देशनात्मक आदेश दिनु सार्वभौमसत्ता र स्वतन्त्र मुलुकको हैसियत स्वीकार गर्न नसक्नु नै हो । त्यसैले भन्न करै लाग्छ, भारतले अघोषित नाकाबन्दी अघोषित रूपमै खोलीदियो । प्रधानमन्त्रीलाई भारतमा भव्य स्वागत गरियो भने ओली नेतृत्वको सरकार, राजनीतिक दल र नेपाली जनताले ढुक्क भएर बस्ने बेला भएको छैन ।

भारतले वर्षौंदेदिख गर्छु भनेका तर नगरेका कतिपय विषयहरूमा सम्झौता भएका छन् । पञ्चायती कालदेखि नै हुलाकी मार्ग निर्माण गर्ने उद्घोष गरेको भारतले हुलाकी मार्ग निर्माण गर्न सकेको छैन । अहिले फेरि प्रधानमन्त्रीको भारत भ्रमणमा त्यसैमा सम्झौता भएको छ । हालै सहमति र सम्झौता भएका सबै विषयहरू पुरानै हुन् । नयाँ कुनै सहमति र सम्झौता नभएको हुनाले ओलीको भारत भ्रमणले खासै नयाँ तरङ नल्याए पनि कठीन परिस्थितमा भएको भारत भ्रमणले नेपाललाई केही हानी नोक्सानी नपुगेको विज्ञहरूले नै स्वीकार गरेका छन् । भारतीय नेतृत्वलाई उनीहरूको नेपालप्रतिको रवैयाबाट बाहिर निकाल्न सहमत गराउनु प्रधानमन्त्री ओलीका लागि त्यति सहज नभएपनि उनी त्यो काममा सफल भएको जस्तो देखिएपनि त्यो अब भारतीय व्यवहारले नै प्रमाणित गर्ने छ । प्रधानमन्त्रीको ओलीको भारत भ्रमण कठीन अवस्थामा भएको थियो, नेपाल-भारतबीच बन्दूक, गोलीगट्ठा नचले पनि मुख चलेको थियो । एकले अर्कोलाई आरोप-प्रत्यारोप लगाउँदै आएको कठीन अवस्थामा भारतले इन्धनलगायत अन्य आवश्यकीय सामानहरू रोकेर नेपाललाई घुँडा टेकाउन खोजेको मात्र होइन, नेपालले तेस्रो मुलुकबाट आयात गरेका सामनहरू समेत रोकेर नेपाली जनतालाई संकटपूर्ण अवस्थामा बाँच्न बाध्य पारेको थियो । एक किसिमलेभन्दा युद्धको चरणमा जस्तै नेपाल पुगेक बेला, ओलीको भारत भ्रमणले केही मल्हमपट्टी अवश्य लगएको छ । अहिले आपूर्ति व्यवस्थामा केही सहज भएको छ, यी सबै कारणहरूले गर्दा नेपाल-भारतबीचको सम्बनधमा केही सुधार आएको पक्कै स्वीकार गर्न सकिन्छ । तर पूर्ण रूपमा सुधार आउन भारतले देखाउने व्यवहारमै भरपर्ने अवस्था प्रष्ट रूपमै देखिएको छ ।

प्रधानमन्त्री ओली भारत भ्रमणमा जाने भएपछि नेपालमा समेत त्यसको व्यापक चर्चा परिचर्चा भयो । कठीन परिस्थितिमा भारत भ्रमणमा जाने भएपछि प्रधानमन्त्री ओलीले के गर्न हुन्छ, के हुँदैन भनेर पत्रपत्रिका, टिभी, रेडियोहरूमा बहस भए स्तम्भकारहरूले लेखे र तर्कवितर्क भएपनि त्यसले पनि नेपालभित्रै ओलीको भ्रमणलाई सहज र सरलीकरण गरेको र सकारात्मक र नकारात्मक पक्षबारे चर्चा परिचर्चा गरेर, प्रधानमन्त्रीको भ्रमणको माहोला स्वतः चर्चायोग्य बताएका थिए । यी सबै कार्यहरूले प्रधानमन्त्री ओलीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ठूलो सहयोग पुगेको थियो । त्यही विश्वासका साथ उनी भारत भ्रमणमा गएका थिए ।

पछिल्लो समयमा भारतले प्रधानमन्त्री ओलीसँग गरेका प्रतिबद्धताहरू क्रमशः पुरा गर्दै जानु स्वयं भारतको हितमा हुनेछ । यस अघि भारतले पटक-पटक प्रतिबद्धता जनाउने गरेको भएपनि कार्यान्वयन पक्ष ज्यादै कमजोर रहने गरेको प्रमाण त हुलाकी मार्ग निर्माणले नै देखाइ सकेको छ । नेपालभित्र धेरै आयोजनाहरूमा भारतीय पक्ष सहभागी भएको छ । निर्माणधिन विद्युत आयोजनाहरू कुनै समयसीमामा पुरा हुन नसकेका हुनाले अब त्यसमा सुधार आउनै पर्छ । निर्धारित समयसीमा भित्रमा सबै आयोजनाहरू पुरा भएको खण्डमा त्यसको जस भारतले पाउने भएको हुनाले नेपाल भारतबीचको सम्बन्धमा सुधार आएको साच्चिकै हो भने भारतले त्यो व्यवहारबाटै प्रष्ट पार्नु आवश्यक छ । प्रधानमन्त्री ओलीले समेत अब आफ्नो काम गर्ने प्रवृत्तिमा सुधार ल्याउन आवश्यक छ । भाषण गर्ने प्रवृत्तिले मुलुकको विकास सम्भव छैन, नेपालको राजनीतिक संयन्त्र र स्थायी सरकार भनिने कर्मचारीतन्त्रमा ठूलो अन्तर रहेको छ । कर्मचारीतन्त्रले राजनीतिक दबाब स्वीकार नगर्ने हो भने विकास निर्माणले गति लिन सक्छ, त्यसका लागि सक्षम व्यक्तिलाई उचित स्थान दिनु आवश्यक छ । हाम्रा मान्छेभन्दा पनि राम्रा मान्छे भन्ने सिद्धान्त अपनाउन सकेको खण्डमा क्रमस सबै क्षेत्रमा सुधार हुन सक्छ भन्ने सिद्धान्तलाई ओली नेतृत्वको सरकारले स्वीकार गर्न सकेमात्र ओलीको भारत भ्रमणको उपलब्धिले जनतालाई केही राहत पुग्ला । यदि ओली सरकारले पनि परम्परा गत निर्णय गर्दै कर्मकाण्डी मात्र निभाउने हो भने यस अघिका सरकार र ओली नेतृत्वको सरकारबीच कुनै भिन्नता रहँदैन, समानता भनेको सबैको फोटो सिंहदरबारमा झुन्ड्याउने मात्र हो । तर ओलीले आफू सिंहदरबारमा फोटो झुन्ड्याउन मात्र प्रधानमन्त्री नभएको उद्घोष गरेका हुनाले त्यसै अनुरूपको कार्य अघि बढाउन सक्नु पर्छ, तब मात्र भिन्नता छुट्याउन सकिन्छ नत्र भने उही सिंहदरबारमा फोटो ।

*devendrachudal@gmail.com*

# जब राजनीति भ्रष्टाचारको कन्टेनर बन्छ...



राजन कार्की

जब राजनीति भ्रष्टाचारको कन्टेनर बन्छ, महामारीका किटाणु जन्मन्छ र जीवन ध्वस्त पार्छ । ०६३ सालको परिवर्तनपछि देशको राजनीति महानगरको कन्टेनर बनेको छ र यो राजनीतिक कन्टेनरले देशव्यापी रूपमा महामारी फैलाइरहेको छ ।

हामी राजनीतिक महामारीको सिकार बनिरहेका छौं । भूकम्प अघि, भूकम्पपछिको नाकावन्दी, हाहाकार र कालोबजार महामारीभन्दा कम भएन देश र जनताका लागि । यो सबै देख्दा लाग्छ- राजनीतिक इबोला र जिका भाइरसको महामारी फैलिएको छ । देशको पनि जीवन हुन्छ, देशको जीवन जिवन्त बनाउन राज्य हुन्छ, शान्तिव्यवस्थाका लागि प्रशासन, सुरक्षा निकाय हुन्छ, राजनीति हुन्छ, समाजसेवा र आर्थिक क्रियाकलापहरू हुन्छन् । देशको जीवनका जुम्रा, उपियाँ, किर्ना वा जुका राज्यसञ्जाल सञ्चालन गर्नेहरू बनिदिए भने राज्य रोगाउँछ, केही व्यक्तिको उन्नतिले देशको, समाजको उन्नतिमा बाधा बन्छ र देश बर्बादीको खाडलमा जाकिन्छ । अहिले हामी यही महामारी भेलिरहेका छौं ।

परिवर्तन हुनुपर्छ, भएको हो । परिवर्तनहरूको हकदार भनेका देश र जनता नै हुन् । मात्र परिवर्तनको नेतृत्व केही नेतृत्व बर्गले गरेका हुन्छन् । त्यो नेतृत्व बर्गले देश र जनताको जीवन चुस्न थाल्यो भने ती उपियाँ अथवा जुकाभन्दा कसरी भिन्न हुनसक्छन् र ?

अहिले त इबोला र जिका भाइरस भाइरल बनेको छ । विश्वको सातो खाइदिएको छ यी भाइरसको भाइरलले । नेपाल पनि प्रभावित बनेको छ । यी भाइरसको काम मानवजीवनको बर्बादी हो, समाप्ति हो । तिनै इबोला, जिका भाइरस नेपाल भित्रिने हो कि भन्ने खतरा त छँदैछ, ती भाइरसभन्दा खतरनाक भ्रष्टाचार भाइरस बनेर नेतृत्व बर्गले राष्ट्र र जनताको जीवन बर्बाद पारिरहेका छन् ।

केही नेता, तिनका कार्यकर्ताहरू दुबै हातले लुटिरहेका छन्, मानौं लोकतन्त्र उनीहरूको मौजा हो । लोक मरिरहुन्, लोक रोइरहुन् लुट्नुपर्छ, लुट्न पाउनु पर्छ भन्ने मानसिकतामा छन् विभिन्न राजनीतिक दलका नेताहरू । त्यो महासामन्ती मानसिकता भनेको नेपालका सन्दर्भमा इबोला, जिका भाइरसभन्दा कम छैन ।

२०६३ सालको परिवर्तनपछि पालैपालो लुट्दै थिए राजनीतिक दलका नेताहरू, २०७२ सालको भूकम्पको धक्कापछि लुटेराका लागि भाग्योदय चिठ्ठा परेजस्तो भएको छ । भूकम्पपीडितहरू खाना, नाना र छानाका लागि हारगुहार गरिरहे, मानवीयताका रूपमा विदेशबाट आएका साधनस्रोतमा यिनै नेतृत्व बर्ग, तिनका आसेपासे र पहुँचवालाको दायाँ चलिरह्यो । पुषे ठण्डी आयो, कतिलाई ठण्डीले लग्यो तैपनि सिण्डिकेटतन्त्र चलाईरहेका नेतृत्व बर्गको विवेकमा लागेको बिर्को खुलेन ।

अनि ५ महिना लामो मधेस आन्दोलन र आन्दोलनको समर्थनमा भारतले गरेको अघोषित नाकावन्दीको अध्याय सुरु भयो । यो अध्याय पनि शासन, सत्ता र पहुँचवालाका लागि दशैंभन्दा कम भएन । एक लिटर मटितेलको ४ सय तिर्न जनताऐंई बाध्य पारियो । पेट्रोल, डिजेल, ग्यासलाई कालोबजारको सुन बनाइयो । प्रशासनदेखि सुरक्षाकर्मीसम्म कालोबजारमा रमाइरहे । अभै सहज भएका छैनन् इन्धन आपूर्ति । भारतले नाकावन्दी खोलेपछि पनि हाहाकार कायमै छ । लोकतन्त्र आवरणको लुटतन्त्र संस्थागत भइसक्यो, लोकतन्त्रका सारथी, महारथीहरू लोकतन्त्र लोकतन्त्र भन्न छाडेका छैनन् । निकै दयनीय बनेको छ नेपालको लोकतन्त्र र लोकतान्त्रिक संविधान । संविधान जारी त भयो, संविधानले क्षेत्रीय, जातीय, धार्मिक बिबाद उठाइदिएको छ । कुन दिन १ सय २६ जातिका जनतावीच महाभारतको युद्ध सुरु हुन्छ भन्न सकिन्न । यस्तो भयावह स्थिति जन्माउनेहरू इबोला, जिका भाइरस नभए के हुन् ?

पश्चिमी अफ्रिकाबाट फैलिएको इबोला भाइरस र लामखुट्टेबाट सर्ने र सहजै सल्कने जिका भाइरसका कारण बार्बाडोस, बोलिभिया, ब्राजिल, केपटाउन, कोलम्बिया, इक्वेडर, इलसाल्भाडो, फ्रेन्च गुएना, ग्वाटेमाला, गायना, हैटी, होन्डुरस, मेक्सिको, पनामा, पाराग्वे, सुरिनाम, समोआ, भनेज्वेलादेखि अमेरिकासम्म आतंक फैलाइरहेको छ । इबोला र जिका भाइरसले लाखौं प्रभावित भइसकेका छन् र हजारौंको संख्यामा मृत्युको मुखमा परिसकेका छन् । यी दुबै भाइरसका प्रभावकारी ओखती खोज्ने प्रयत्न गरिरहेका छन् बैज्ञानिकहरूले । यी मानवविरोधी भाइरस अहिलेसम्मकै सबैभन्दा खतरनाका मानिएका छन् ।

उता इबोला र जिका भाइरसको आतंक फैलिएको छ । यता नेपालमा भ्रष्टाचारको आतंकले देशलाई मारिरहेको छ । इबोलाभन्दा खतरनाक छ भ्रष्टाचार भाइरस । जिकाभन्दा जोखिमपूर्ण बन्न पुगेको छ, भ्रष्टाचार भाइरस । त्यसै पनि अेमरिकालगायतका मुलुकमा पुगेका नेपाली र पर्यटकबाट इबोला र जिका भाइरस नेपाल पस्ने खतरा अत्यन्तै बढी छ । ती भाइरसले नेपाललाई बिस्तारै जकड्न सक्छ तर भ्रष्टाचारको भाइरसले नेपाली जनजीवन र अर्थतन्त्रको घाँटी यसरी निमाठ्न थालेको छ कि नेपालको विकास पक्षाघात भइसकेको छ । शासन प्रशासनमा बिधि देखिदैन । पहुँच र प्रभावकारी व्यक्तिहरू सहजै देश र जनतालाई लुटिरहेका छन् । देश र जनताप्रति जिम्मेवार राजनीतिका कुरा सबै गर्छन्, सुशासनका गुड्डी पनि हाँक्छन् र स्वाधीनताका कुरा पनि गर्छन् । यथार्थमा राजनीति भ्रष्टाचारमय छ र यही भ्रष्टाचारको मूलप्रवाह बनेको छ शासनसत्ता ।

इबोला, जिका भाइरसले पश्चिमा सम्पन्न र द्वन्द्वग्रस्त मुलुकहरूलाई पिरोलीरहेको छ । नेपाललाई बेइमान र नीतिहीनताले ड्याकीरहेको छ । इमान, जिम्मेवारी र नैतिकताको खडेरीका कारण अत्यन्त प्राकृतिक साधनस्रोतले सम्पन्न मुलुक मगन्ते बन्न पुगेको छ । राष्ट्र कंगाल बन्दै गएको छ । केही मुठ्ठीभर व्यक्तिहरूसँग पर्याप्त धनराशी थुप्रिदै गएका छन् । हुनेखाने र गरिखाने बर्गबीच दूरी बढ्दै बढ्दै गएको छ । अनेक द्वन्द्वग्रस्त छ मुलुक । शान्ति र स्थिरता, समानता र समानुपातिक भनेर ल्याएको संविधान पनि बिबादमा परिसक्यो । जिम्मेवारबर्गको ध्यान मूल कानुन व्यवहारमा उतार्नेतिर पटक्कै छैन । उनीहरू गैरजिम्मेवार बनेर सत्ता, शक्ति र सम्पत्तिका लागि षडयन्त्र गरिरहेका छन् । लोकतान्त्रिक व्यवस्थामा कालोतन्त्र भ्रष्टाचारको कालतन्त्र ढसमस्स बसेर राष्ट्रियतासँग खेलबाड गरिरहेको छ । जतिसुकै लोकतन्त्र भने पनि यथार्थमा नेताहरूको सिण्डिकेटले देशलाई एकतामा, बिधिमा, सुशासनमा बाँध्न सकेन । इबोला र जिका भाइरसभन्दा खतरनाक बन्दै गएको छ भ्रष्टाचार भँइरस नेपाल र नेपालीका लागि ।

प्रधानमन्त्री केपी ओली भारत भ्रमणमा गएर आजै फर्कदैछन् । उनले दिल्लीबाटै डंका बजाए- अब नेपाल र भारतवीचको असहज सम्बन्ध सहज भयो, मेरो भारत भ्रमण सफल भयो । नेपालबाट कुनै पनि सन्धि सम्झौता गर्दिन भनेर राजनीतिक दलहरूलाई भनेर गएका प्रम ओलीले ९ थान सन्धिमा सही गरेर आएका छन् । ती सबै सन्धिको निचोड एउटै छ- अब नेपाल भारतबेष्ठित भयो, नेपाल स्वावलम्बन हुनसक्दैन । नेपालको जलविद्युत विकास गरेर निर्यातमुखी हुने र आम्दानी गर्ने सोचलाई दिल्लीमा बिसाएर फर्कने केपी ओलीले तत्काल ८० मेगावाट र यही वर्षभित्र थप ६ सय मेगावाट विद्युत आयात गर्ने सम्झौता गरेर फर्किएका छन् । भन्न सकिन्न, ४५ मिनेट गोप्य वार्ता गरेका केपी ओलीले भारतलाई अरू कुन कुन विषयमा भरोसा र विश्वास दिलाएर आउने हुन् । धेरैको आशंका छ- कतै अनपेक्षित गोप्य सन्धि त गरेनन् ?

५ वर्षका लागि चुनाव जितेका प्रधानमन्त्रीले दूरगामी प्रभावी सन्धि गर्दा मुलुकले त्यसको मूल्य चुकाउनु पर्छ । ओली त १७ पार्टीको समर्थनमा बहुमत जुटाएका र संविधान उल्लंघन गरेर मन्त्रिमण्डल गठन गर्ने प्रधानमन्त्री हुन् । उनी दिल्ली जाँदा संविधान उल्लंघन गररै ४६ सदस्य लिएर गएका थिए । संविधानको पालना गर्नुपर्ने प्रधानमन्त्री पटक पटक संविधान उल्लंघन गर्छन र धक्कु लगाउँछन् भने जिम्मेवार अन्य पार्टीहरूले बुझ्नैपर्छ, यस्तो प्रधानमन्त्रीबाट संविधानको कार्यान्वयन हुनसक्दैन । यी अर्का जिका र इबोला भाइरस हुन् ।

इमान, नैतिकता र सिद्धान्तको कसीमा ठूला दलहरू इबाला र जिका भाइरसभन्दा कम खतरनाक छैनन् राष्ट्र र जनताका लागि । जनताप्रति, राष्ट्रप्रति गैरजिम्मेवार हुनु भनेकै इबाला र जिका भाइरस हुनु हो । नेता थुप्रै छन्, एकजना पनि राजनेताका रूपमा विकसित हुनसकेनन् । यसको अर्थ राजनीति भ्रष्टाचारमय बनेको छ । जबसम्म नेतृत्व विकास हुन्न, त्यस्तो राष्ट्र सधैं जोखिममा हुन्छ । नेपाल र नेपाली थरि थरिका इबोला, जिका भाइरसको जोखिममा छन् ।

अब जनता पनि चनाखो हुनुपर्छ, जनताले पनि हस्तक्षेप गर्ने हैसियत राख्नुपर्छ । अन्यथा राष्ट्र र जनता नेता नामका यिनै इबोला र जिका भाइरसबाट समाप्त हुनेछन् ।

# औद्योगिक क्षेत्रका उद्योगद्वारा जलविद्युत् आयोजना निर्माणको प्रस्ताव

काठमाडौं । लोडसेडिङको मारमा परेपछि औद्योगिक क्षेत्रका उद्योगले आफ्नै लगानीमा जलविद्युत् आयोजना निर्माणको प्रस्ताव अघि सारेका छन् । औद्योगिक क्षेत्रका उद्योगीले आफ्नो छाता संगठन नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघमार्फत ५० मेगावाट क्षमतासम्मको आयोजना निर्माणको प्रस्ताव गरेका हुन् ।

लोडसेडिङका कारण उद्योग चलाउनै नसक्ने अवस्था आएपछि उद्योगी आफैं जलविद्युतमा लगानी गर्न तयार भएको महासंघका उपाध्यक्ष देवराज तामाङले बताए । सरकारले तयारी परियोजना दिएमा लगानी गर्न उद्योगीहरु तयार रहेको जानकारी दिए । उनका अनुसार महासंघले सरकारसँग अनौपचारिक रूपमा प्रस्तावसमेत गरिसकेको छ । 'हामीले अर्थमन्त्री र उद्योगमन्त्रीसँग यसबारे छलफल गरिसकेका छौं,' उनले भने, 'उहाँहरु सकारात्मक हुनुहुन्छ ।'

सरकारले तयारी अवस्थामा रहेको कुनै पनि परियोजना दिए उद्योगीले तत्काल लगानी गर्ने जनाएका छन् । १० औद्योगिक क्षेत्रमा रहेका ७ सय उद्योगको सेयर लगानीमा आयोजना बनाउने महासंघको प्रस्ताव छ । 'सरकारले परियोजना उपलब्ध गराएमा तत्कालै बिउ पुंजी (सिड मनी) लगानी गर्न तयार छौं,' उपाध्यक्ष तामाङले भने, 'उद्योगीले लगानी गर्ने परियोजनामा लगानी गर्न बैंक पनि तयार छन् ।'

यसरी निर्माण गरिने परियोजनामा सरकारी स्वामित्वको नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई समेत सेयरधनीका रूपमा सामेल गराउने उद्योगीको प्रस्ताव छ । 'यसलाई सार्वजनिक-निजी साझेदारीमा अघि बढाउन सकिन्छ,' उनले भने । उर्जाको चरम अभाव भइरहेको वेला उद्योगीले परीक्षण एवं नमुनाका रूपमा आयोजना निर्माणको प्रस्ताव अघि सारेका हुन् । 'अहिले हामीलाई विद्युत् चाहिएको छ, तर सरकारले दिन सकेको छैन,' उनले भने, 'आफूलाई चाहिने विद्युत् आफैं उत्पादन गर्न हामीले जोड दिएका हौं ।'

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेतले समेत औद्योगिक क्षेत्रका उद्योगले विद्युत् परियोजनामा लगानी गर्ने सम्बन्धमा औपचारिक एवं अनौपचारिक छलफल भइरहेको बताए । उद्योगीहरुले इच्छा देखाएको र त्यसमा कम्पनी र मन्त्रालय पनि सकारात्मक देखिएको उनले जानकारी दिए । 'अहिले औद्योगिक क्षेत्रको कुल माग २७ मेगावाट रहेको छ । र, आगामी ३ वर्षमा माग बढेर ५० मेगावाट पुग्ने देखिन्छ,' उनले भने, 'उद्योगी र कम्पनीको समेत सेयरमा कम्तीमा ५० मेगावाट जलविद्युत् आयोजना निर्माण गर्न सकिए मुलुकको औद्योगीकरणमै ठूलो टेवा पुग्ने थियो ।'

सरकारी बास्केटमा २ सय १४ वटा जलविद्युत् आयोजना छन् । तिनीहरूको जडित क्षमता १० हजार मेगावाट रहेको छ । यीमध्ये अधिकांश आयोजना लाइसेन्स खारेज भएर सरकारी बास्केटमा आएका हुन् । अध्ययनका विभिन्न चरणमा रहेका यी आयोजनामा सरकारले चाहे उद्योगी लगानी गर्न तयार छन् ।


## दूरसञ्चार सेवाको प्रयोग सम्बन्धमा बुझिराख्नु पर्ने केही कुराहरू

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्केले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

**नेपाल दूरसंचार प्राधिकरण**

कमलादी, काठमाडौं, नेपाल

फोनः ४२५५४७४, फ्याक्सः४२५५२५०,पो.ब.नं.: ९७५४

ई-मेलः ntra@nta.gov.np वेबसाइटः www.nta.gov.np

# आन्दोलनसँग मधेशी मोर्चाको खेलवाड

*उपेन्द्र झा*

तराई–मधेशमा ६ महिनादेखि चल्दै आएको मधेश आन्दोलन बिना निष्कर्ष २५ गते मोर्चाले फिर्ता लिएको छ । सरकारसँग न कुनै वार्ता, न कुनै अनुबन्ध, पारस्परिक झगडाका कारण मधेश आन्दोलनका बन्द र नाका छेकवारका कार्यक्रम फिर्ता भएको छ । संघीय समाजवादी फोरम नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी, तराई मधेश सद्भावना पार्टी तथा सद्भावना पार्टी सम्मिलित मधेशी मोर्चाको अगुवाईमा चलि रहेको मधेश बन्द आन्दोलन उत्कर्षमा पुगेर निर्णायक बनेको थियो । राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन पाएर आफनो माँग सुनिश्चित हुने बेलामा जहाँ बिहारका तथा भारतका केन्द्रीय नेताहरूको पूर्ण समर्थन प्राप्त रहेको बेला तथा मधेशी मोर्चाले सरकारलाई अन्तिम धक्का दिन महा गठबन्धन बनाउन तयार भएको समयमा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई कार्यवाही गर्ने बून्दासहितको बन्दका सम्पूर्ण कार्यक्रम फिर्ता लिने मधेशी मोर्चाको निर्णयबाट मधेशी मोर्चा फुटि सकेको स्पष्ट भएको छ ।

चारजना एक ठाउँमा बस्न नसक्ने मधेशी मोर्चाका नेताहरूको चारित्रिक विशेषता रहेकोले महागठबन्धनको कुरा त असम्भव थियो नै । तर भारतले सहयोगको सबल बैशाखी प्रदान गर्दा मधेशलाई एउटा झिनो आशा पालाएको थियो कि महागठबन्धन बनाउन मधेशी मोर्चा सफल होला । तर नेताका आवरणमा मधेशलाई भ्रमित पार्न आएका यी अगुवाहरु त तल्लो श्रेणीका ठेकेदार नै साबित भएका छन् । आफनो क्षेत्रमा एकाधिकार पाएका । मधेशका ठेकेदार । ठेक्का पट्टामा सधैं स्वार्थलाभको गुणन गर्ने चरित्र, अधिकार आन्दोलनमा पनि होमिएका, आफनो राजनीतिक प्रतिष्ठाका लागि मधेशका निर्दोष जनतालाई आन्दोलनको नाममा गाजर, मूला जस्तै कटाउन प्रतिबद्ध देखिएका तर आफनो फायदाका लागि अधिकार आन्दोलनलाई निष्कर्षमा जान नदिने ठेकेदारहरूले अहिले चार दर्जनभन्दा बढि मधेशी सपूतलाई मारेर आन्दोलनलाई बिना निष्कर्ष समाप्त गरेका छन् ।

परिस्थिति अनुकूल रहँदा रहँदै मधेशी मोर्चाको यस्तो आत्मघाती निर्णय कसरी आयो ? आम जनता तथा कार्यकर्ता पंक्तिमा आशंका, आक्रोश, हीनताबोध, कुण्ठा आदि मिश्रित प्रतिक्रिया व्याप्त छ । सबै पार्टीका कार्यकर्ताहरूले आफनै नेताप्रति आशंका व्यक्त गरि आफनो असन्तुष्टता पोखि रहेका छन् । आफनै आफनै स्तरको सोचको आधारमा प्रतिक्रिया व्यक्त भई रहँदा अभिव्यक्ति भने नकारात्मक नै देखिएको छ । के मधेशमा रहेको यस्तो प्रतिक्रिया राजनीतिक क्षेत्रमा कुनै अर्थ राख्दैन ? राख्छ भने मधेशले बडो मुश्किलले उठाएको आन्दोलनसंग मधेशी मोर्चा खेलवाड किन गऱ्यो । यी विषय हुन, जसबारेको सत्य तथ्य जान्न मधेशका विद्वतवर्ग पनि आतुर छन् । तर जान्ने कसरी ? मधेश आन्दोलन हाँक्ने दुई प्रतिस्पर्धी नेता उपेन्द्र यादब र राजेन्द्र महतो बीच कार्यगत एकता भएपनि भावनात्मक एकता कहिल्यै भएन । दुई प्रवल महत्वाकाँक्षाबीच सधैं टकराहट रहि रह्यो । विभिन्न विचारबाट प्रभावित यी दुई व्यक्तित्व विगतमा पनि जुट्ने फुट्ने प्रक्रियाबाट नै गुज्रेका हुन् । तर पहिला सामान्य परिस्थिति थियो भने अहिले आन्दोलनको निर्णायक परिस्थितिमा यी दुई नेताको झगडाका कारण आन्दोलनका बन्द कार्यक्रम फिर्ता भएको छ ।

ओलीसंगको दुर्व्यवहार सहेर आन्दोलनलाई शिखरमा पुऱ्याउन राजेन्द्र महतोको अथक प्रयासलाई सबैले राम्ररी हेरि रहेको थियो । नाकाबन्द हुन नसकेको ठाउँमा राजेन्द्र महतो पुगी हाल्ने र नाका बन्द गरि फेरि अर्को ठाउँको यात्रा गर्ने आन्दोलनमा यसरी नै सक्रिय थिए राजेन्द्र महतो । सरकारमा उग्र स्वभावका केपी शर्मा ओलीको व्यवहारबाट अपमानित भएका राजेन्द्र महतो आन्दोलनमा उग्र रूपमा सक्रियता बढाएका थिए । सबै ठाउँमा समान किसिमका आन्दोलन होस् भन्ने हेतुले प्रयासरत राजेन्द्र महतो सफलता पाउँदै आन्दोलनको उँचाईमा पुऱ्याउन अथक सहयोग गरि रहँदा जोगबनी नाकामा प्रहरीको शर्मनाक दमनमा परि घाईते भएपछि सारा मधेश यो घटनाबाट आहत भएको थियो । मधेश आनदोलनसँगै आफनो उँचाई पनि बढि रहेको थियो ।

भारतमा उपचाररत राजेन्द्र महतोलाई भारतका राष्ट्रपति, विदेशमन्त्री लगायत सरकारका मन्त्रीहरु तथा अन्य ठूल्ठूला नेताहरु शीघ्र स्वास्थ्य लाभका कामना गर्न सहानुभूतिपूर्वक भेंटघाटमा आए । नेपालको मधेश आन्दोलनको औचित्य र सरकारको दुर्व्यवहारबारे राजेन्द्र महतोले आद्योपान्त जानकारी दिएपछि भारतपक्षलाई सबै कुराको जानकारी भयो । भारतलाई मधेश कित्तामा ल्याउन राजेन्द्र महतोको प्रयासलाई साधारण मान्न सकिन्न । त्यसपछिका दिनमा नेपाल सरकारमाथि मधेश आन्दोलनलाई सम्बोधन गर्न दबाव बढ्दै गयो । ओलीको भारत भ्रमणको नाटक असफल गर्न राजेन्द्र महतोको हाथ थियो । भारतमा राजेन्द्र महतोको बलियो पकड बनेकोले ओलीले राजेन्द्र महतोसंग भारतमै टेलिफोन वार्ता गरि तनावलाई तोड्ने प्रयास गरेका थिए । राष्ट्रलाई तपाईंको खाँचो छ भनेर ओलीको चापलुसी भाषा टेलिफोनमार्फत पाएपछि राजेन्द्र महतोलाई आन्तरिक खुशी हुनु स्वाभाविक थियो । भारतबाट स्वदेश फर्केपछिको स्वागत र मधेशको न्यानो सहानुभूति पाएर महतोको आसन उच्च रहेको जनमानसमा व्याप्त थियो ।

मुजफ्फरपुरमा नेपाल भारत मैत्री संघको सभामा महन्थ ठाकुरबाहेकका मधेशी मोर्चाका नेताहरु आमंत्रित थिए । सोही कार्यक्रममा नेपालको राजनीतिको बिहारका नेताहरुद्वारा ज्यूज्यान दिएर मधेश आन्दोलनलाई परिणाममुखी बनाउने प्रतिबद्धता जाहेर भई रहेको थियो । बिहारको जस्तै मधेशमा पनि महागठबन्धन बनाएर सरकारलाई दबाव दिने सुझाव आई रहँदा उपेन्द्र यादब र राजेन्द्र महतो हर्षित नै देखिएका थिए । लालू यादब र नितिशलाई भेट्न रघुवंश सिंहले (आरजेडीका उपाध्यक्ष) मोर्चाका नेताहरूलाई पटना आउन निम्तो दिएपछि उनी पटना गएर सहयोगको राम्रो आश्वासन पाएका थिए । दिल्ली र बिहारको भ्रमणमा नेताहरूको ध्यान रहेकोले आन्दोलनमा शिथिलता आउनु स्वाभाविकै थियो । बीरगंज नाकाबाहेक सबै नाका खुल्ला रहेकोले बन्दको औचित्य नै समाप्त भएको अनुमान गर्न सकिन्थ्यो ।

आन्दोलनमा महतोको राजनीतिक उँचाई बढ्दै गएको र संघीय समाजवादीमा फोरम नेपालमा असन्तुष्ट कार्यकर्ताहरूको पलायन, केन्द्रस्तरका नेताहरूमा नेतृत्वको आलोचना विषय लिएर चरम असन्तुष्टिका कारण पार्टी आन्दोलनभन्दा आन्तरिक कलहमा फँसेको अवस्थाले राजेन्द्र महतोलाई हर्षित नै पारि रहेको वातावरणमा उच्च मनोबल र हीनताबोधको शिकार भएका नेताहरूबीच एक अर्कालाई डोमिनेट गर्ने व्यवहार शुरु भयो ।

भारतको केन्द्रीय नेताहरूमा उपेन्द्र यादबभन्दा राजेन्द महतोको बढि पकड रहेको यथार्थ सबैलाई अनुभव भई रहेको थियो । त्यसकारण नै ओली पनि राजेद्र महतोलाई फकाउन दिल्लीमा फोन गरेका थिए । नेपाल र भारतमा राजेन्द्र महतोको बढ्दो प्रभावले एकतिर मोर्चाको अरु नेतामा हीनताबोधको भावना बढि रहेको थियो भने राजेन्द्र महतोको दिमाग सातौं आसमानमा विचरण गरि रहेको थियो । परिस्थितिले राजेन्द्र महतोको वेलूनमा खुशीको हावा भर्दै गई रहेको थियो । सहनशीलताको विन्दुलाई पार गर्दै विस्फोटको आशंकाबाट सजग रहन मोर्चाका नेताहरूलाई मैले २२ गते शुक्रवार फेसबुक मार्फत यसरी सुझाएको थिएँ–"सम्हलो...सम्हालो...मधेशी मोर्चा ? आन्दोलनका कोई विकल्प नहि है. आन्दोलन की श्रृंखला जहाँ से टूट गई है..जोडो और बढो...प्रगतिपथ पर । क्योंकि मोर्चा के एक घटकका और ओली की नाका खुल्ने की अभिव्यक्ति को जोडकर मसालेदार समाचार अनलाईन मिडिया पर भरमार छाया हुआ है..सम्हलो ।"

सबै नाका खुल्ला छ भने बीरगंज नाकापनि खोल्दिनु पर्छ भन्ने राजेन्द्र महतोले दिएको अभिव्यक्तिको आशय के ? आन्दोलनको प्रमुख घटकको रूपमा रहेका सद्भावना अध्यक्ष राजेन्द्र महतोले यो प्रश्न कसलाई सोधेका होलान् । आन्दोलनको हीरोको रूपमा विकसित राजेन्द्र महतोले आन्दोलनको शिथिलताबारे मोर्चाको बैठक डाकी समीक्षा गर्नु पर्दथ्यो । राजेन्द्र महतोको हिटलरी अभिव्यक्तिले मोर्चालाई मात्र तोडेन, मधेश आन्दोलनलाई नै तहस नहस बनाई सरकारलाई फायदा पुऱ्याउनुको अर्थ के ? दुई नम्बरमा उपेन्द्र यादवले राजेन्द्र महतोमा पलाएको अहंकारलाई बडो नरम ढंगले मोर्चाको निर्णयमा उपयोग गर्नु पर्दथ्यो । राजेन्द्र महतोको डोमिनेशनलाई सहजै स्वीकार गरेर कसलाई फायदा भयो ? यति विश्लेषण गर्न नसक्ने खोपडीको के काम ?

आफूसंग जेजस्तो छ त्यसैलाई काम लाग्ने बनाउने उद्देश्यले मधेशले नेतृत्वको प्रखरता विकिसित गरि रहेको बेला नेताहरु प्रयोगशालामै टूटेर नष्ट भएका छन् । राजेन्द्र महतोको उच्च महत्वाकाँक्षाले उँचाईमा रहेको महतो छविलाई धूल धुरसित पारि दिएको छ । महतो आसमानबाट धरतीमा पछारिनु कुनै चिन्ताको विषय होईन, मधेश आन्दोलनको उँचाईलाई राजेन्द्र महतो र उपेन्द्र यादबले धूलमा मिलाए त्यो भने ठूलो चिन्ताको विषय हो ।

मधेश आन्दोलनलाई आफनो आफ्नो नाममा रजिस्ट्रेशन पास गराउने उपेन्द्र यादब र राजेन्द्र महतो अहिले गद्दारको रूपमा मधेशमा परिभाषित भई रहेको छ । मधेश आन्दोलनलाई सशक्त बनाउने र यसको उँचाई दिलाउने मधेशका निमुखा वीर सपूत नै हुन् । आ–आफ्नो स्वार्थका कारण मधेश आन्दोलनलाई धूलमा मिलाउने गद्दार नै मधेशको शत्रुको रूपमा अहिले चित्रित भएका छन् । यस्ता गुणस्तरहीन जन्तुमा नेतृत्व विकासको प्रयोग मधेशले अब बन्द गर्नु पर्छ, होइन भने यस्ता गद्दारहरु निस्कि रहन्छ र मधेश पछाडि धकेलिँदै पुनश्च गुलामको अवस्थामा पुग्छ ।

**(मधेश दर्पण फिचर सेवा)**




# नेपाली किन भारतविरोधी ?

*प्रा.डा. लोकराज बराल*

भारतसँग गरिने हरेक प्रकारका सम्बन्ध र सम्झौतामा नेपाल पक्ष आशंका र द्विविधामा रहिरहन्छ । प्रधानमन्त्री तहमा हुने राजनीतिक भ्रमणमा पनि त्यस्तो अवस्था देखिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि भारतको भ्रमण गर्नुअगाडि धेरैपटक राष्ट्र हितविपरीत सन्धिसम्झौता गर्दिनँ भनेर स्पष्टीकरण दिइरहेका थिए । अनि राजनीतिक दल र विज्ञहरूले पनि कुनै प्रकारका सन्धिसम्झौता नगर्न सुझाब-सल्लाह र दबाब दिइरहे । यसअघि भारत गएका प्रधानमन्त्रीले देश नै बेचेर आएजस्तो गरी नेपालमा जसरी व्याख्या र विश्लेषण गरियो, त्यो गलत थियो । त्यसले नेपालसँग आत्मविश्वासको कमी रहेको देखिन्छ । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले नै महाकाली सन्धि गराउन चाहिने दुईतिहाइ मत पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । एमाले पार्टी विभाजनको एउटा महत्वपूर्ण कारण महाकाली सन्धि नै थियो ।

नेपाल र भारतबीच हुने सम्बन्धका आयामलाई विश्लेषण गर्न सक्ने क्षमताका लागि अध्ययन-अनुसन्धानको कमी छ । जसले गर्दा नेपालले के विषयमा भारतसँग सम्झौता गर्दै छ वा के विषयमा भारतसँग छलफल हुँदै छ भन्ने विषयको अध्ययन कमजोर छ । हामीमा भएको अध्ययनको कमी र त्यसले निम्त्याएको आशंकाका कारण नेपाली मानसिकतामा भारतप्रति सदा नकारात्मक धारणाको विकास भएको छ । अर्थात् विषयवस्तुको ज्ञानको कमीले आशंका जन्माउनु अस्वाभाविक होइन । अहिले नेपालमा भएको त्यही हो ।

नेपालीको मानसिकता नै पूर्वाग्रही प्रकृतिको छ भारतको सन्दर्भमा । भारतले नेपालका लागि जे गर्न लागे पनि नकारात्मक रूपमा सोच्ने प्रवृत्ति छ हामीकहाँ । कतिपय ऐतिहासिक पृष्ठभूमिका कारण भारतले नेपालमाथि हेपाहा प्रवृत्ति प्रदर्शन पनि गऱ्यो होला । तर सबै र सधैँ नकारात्मक सोच्नुचाहिँ गलत मानसिकता नै हो ।

राजनीतिक नेतृत्वले आत्मसम्मानसाथ देशको नेतृत्व गर्ने सोचको परिकल्पना गर्दैनन् । अर्थात् कतिपय सन्दर्भमा भारतमुखी प्रवृत्ति हाम्रा नेतामा देखिँदा पनि समस्या सिर्जना भएको छ । देशभित्रका सबै समस्या भारतीय नेतृत्वसँग समाधानका लागि पोख्ने र कतिपय अवस्थामा व्यक्तिगत फाइदाका लागि भारतमुखी हुने प्रवृत्ति हानिकारक छ । कसलाई प्रधानमन्त्री बनाउने वा कसरी ढाल्ने भन्ने कुरासम्म भारतसँग सोध्न थालियो । देशका स-साना कुरा लिएर नेपाली नेतृत्व भारत धाउन थालेपछि स्वाभाविक रूपमा भारतले हेप्छ ।

**नेपाल र भारतबीच हुने सम्बन्धका आयामलाई विश्लेषण गर्न सक्ने क्षमताका लागि अध्ययन-अनुसन्धानको कमी छ । जसले गर्दा नेपालले के विषयमा भारतसँग सम्झौता गर्दै छ वा के विषयमा भारतसँग छलफल हुँदै छ भन्ने विषयको अध्ययन कमजोर छ ।**

कहिलेकाहीँ नेपाली नेतृत्व बडो राष्ट्रवादी भएर भारतविरोधी हुने प्रचलन छ । अहिले केपी ओली राष्ट्रवादी देखिएजस्तो कुनै बेला बिपी कोइराला पनि भारतविरोधी देखिएका थिए । हुन त त्यतिबेला जवारलाल नेहरूले बिपीलाई मन पराउँदैनथे । यो अवस्थाले गर्दा नेपाल र भारतबीचको सम्बन्धमा आशंका र तनावको अवस्था सिर्जना भएको हो । हामीले भनेजस्तो समदूरीको सम्बन्ध भारतसँग कति सम्भव छ ? प्रश्न स्वाभाविक रूपमा उठ्छ नै । समदूरीको सम्बन्धका लागि दुईवटा कोणबाट विश्लेषण गर्न जरुरी छ । एउटा सैद्धान्तिक कोणबाट र अर्को व्यावहारिक कोणबाट । सैद्धान्तिक रूपमा भन्दा संसारका सबै देश सार्वभौम छन् । उनीहरूले संसारभरि उभिँदा समान हैसियतमा उभिने मौका पाउँछन् र पाएका पनि छन् । संयुक्त राष्ट्रसंघमा मतदान गर्दा सबै देशसित समान रूपमा एक मतको अधिकार हुन्छ । तर, व्यावहारिक रूपमा भने अलिक फरक हुन्छ । अर्थात् शक्तिराष्ट्रले साना देशलाई प्रभावमा राख्न खोज्छन् । र, आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न चाहन्छन् । शक्तिराष्ट्रले प्रदर्शन गर्ने शक्ति र पहुँचले फरक पार्ने रहेछ अन्य देशसँगको सम्बन्धलाई । त्यतिवेला मात्र सम्बन्धित देशको सम्बन्ध कस्तो हुनेछ भन्ने निर्धारण हुन्छ । अहिले नेपाल र भारतको सन्दर्भमा पनि त्यही भएको हो । अर्थात् सैद्धान्तिकभन्दा बढी व्यावहारिक पक्षले नेपाल र भारतको सम्बन्धलाई निर्धारण गरेको छ । नेपाल र भारतबीच हजारौं सम्बन्ध छन् । नेपाली सेना र भारतीय सेनाका दुवै प्रधानसेनापतिलाई एक-अर्काको देशको सेनाको मानार्थ प्रधानसेनापति दिने, गोर्खा भर्ती गर्ने, खुला सीमा, धार्मिक सम्बन्धलगायत दर्जनौं सम्बन्ध आपसमा जेलिएका छन् ।

नेपाल-भारतबीचको एक हदसम्म ऐतिहासिक पृष्ठभूमिले काम गरेको छ । तत्कालीन नेपालका राणाशासकले अंग्रेजसँग राम्रो सम्बन्ध विस्तार गरे । चीनलगायतका देशसँग उनीहरूको कुनै सम्बन्ध रहेन । सबै सम्बन्ध ब्रिटेनसँग मात्र भयो । अनि अंग्रेजले पनि नेपालबाट आफ्नो स्वार्थ पूरा गरिरहेको थियो र राणाहरूले पनि अंग्रेजबाट साथ र समर्थन पाइरहेका थिए । त्यसले गर्दा राणाहरूलाई अन्य देशसँग सम्बन्ध विस्तार गर्नुपर्छ भन्ने लागेन । यो ऐतिहासिक पृष्ठभूमिपछि २००७ सालमा नेपालमा प्रजातन्त्र आयो, राणाशासन ढल्यो । २००७ सालको प्रजातन्त्र त अँध्यारोमा बसिरहेको मान्छेलाई ह्वात्तै बत्ती आएजस्तो भयो । त्यसले एक्कासि नेपालीमा चेतनाको विकास गऱ्यो । त्यसबाट पनि केही प्रभाव परेको देखिन्छ ।

२००७ सालको प्रजातन्त्रको आगमनकै समयमा संसारका धेरै देशमा कम्युनिज्मको लहर चलेको थियो । चीनमा कम्युनिस्ट शासन सुरु भएको थियो । रसियामा पनि त्यस्तै शासन व्यवस्था थियो । गरिबको पक्षमा हो कम्युनिज्म भन्ने लहरले विश्वभरी आर्कषण थप्दै लगेको थियो । उनीहरूको एउटै आर्कषक नारा हुन्छ राष्ट्रियता । चीन, भियतनाम, रसियादेखि नेपालसम्मको सन्दर्भमा हेर्दा राष्ट्रियताको त्यस्तो नारा निकै बलियो देखियो । अन्य नाराले भन्दा राष्ट्रियताको नाराले मानिसलाई गोलबद्ध गर्न पनि सजिलो हुन्छ । जसको प्रयोग नेपालमा पनि भयो । फुटबल, क्रिकेटको जितमा जसरी राष्ट्रिय भावना जागृत भएर देश नै एकताबद्ध देखियो, कम्युनिस्टले प्रयोग गर्ने राष्ट्रियताको नारा पनि साबित भयो । हामीकहाँ अहिले राजनीतिक विचार कमजोर देखिएको छ । कम्युनिस्ट भने पनि कांग्रेस भने पनि उनीहरूको राजनीतिक विचार एउटै भइसकेको छ । अनि उनीहरूले राजनीति गर्ने मूल नारा भनेकै राष्ट्रियता मात्र हो ।

कतिपय सन्दर्भमा भारतको आफ्नै भूमिकाले पनि नेपालमा भारतविरोधी भावना जगाइरहेको छ । नेपाल मेरो प्रभाव क्षेत्र हो भन्ने भारतको सोच छ । हो, ठूला शक्तिराष्ट्रले आफ्नो प्रभाव क्षेत्र विस्तार गर्छन् र निश्चित क्षेत्रलाई आफ्नो प्रभाव क्षेत्रका रूपमा व्याख्या गर्छन् पनि । अहिले अमेरिका र चीनबीच प्रभाव क्षेत्रकै विषयमा तनावको अवस्था सिर्जना भएको छ । त्यसकारण भारतले नेपाललाई प्रभाव क्षेत्रका रूपमा व्याख्या गरेपछि नेपालीमा भारतविरोधी भावना विकास भयो । अंग्रेजको नीतिलाई नै भारतले निरन्तरता दियो । भारतले सिक्किम, भुटान र नेपाललाई प्रभाव क्षेत्र ठानिरह्यो किनभने त्यतिवेला संसारमा कम्युनिस्टको लहर बढ्दै थियो र छिमेकी चीनमा पनि कम्युनिस्ट शासन सुरु भइसकेको थियो । त्यो प्रभाव कम गर्नु थियो । अर्कातिर उसको सुरक्षाको चिन्ता थियो ।

अहिले सैद्धान्तिक र वैचारिक धारभन्दा पनि यथार्थवादी चिन्तन हुनुपर्छ भन्ने मान्यता बलियो हुन थालेको छ । अन्तर्राष्ट्रिय राजनीति के हो ? के हुँदै छ ? शक्तिराष्ट्रको नियत के हो भन्ने हामीले बुझ्न आवश्यक छ । अमेरिका अहिले किन मध्यपूर्वमा लडाइँ लडिरहेको छ ? यो सब शक्तिराष्ट्रले आफ्नो पहुँच र प्रभाव विस्तार गर्नेदेखि कायम राख्ने कार्यका लागि भइरहेको हो । अमेरिकाले चीनलाई रोक्न जापान, भारत, युरोपियन युनियनलाई आफ्नो प्रभावमा राखिरहेको छ । त्यसकारण आफ्नो हैसियतअनुसार शक्तिराष्ट्रले आफ्नो प्रभाव क्षेत्र कायम राख्न चाहन्छन् । त्यसैले भारत पनि लागिरहेको छ । शक्ति राष्ट्र ठानेर हामीले जुन हैसियतमा भारतसँग सम्बन्ध विस्तार र विकास गर्नुपर्ने हो, त्यो हुन सकेको छैन । त्यो खासमा हामीसँग भएको लघुताभाष नै हो ।

भारतलाई लोकतन्त्रको आदर्शका रूपमा नेपालले बुझ्न खोजिरहेको हुन्छ । तर, भारत भने सामान्य कुराको चियोचर्चो गरेर बसेको हुन्छ । त्यसकारण भारत 'पेटी इन्ट्रेस्ट'मा रमाउँछ भन्ने उसैको गतिविधिले देखाइरहेको छ । नेपालको संविधान जारी भएपछि भारतले जनाएको प्रतिक्रिया हेर्दाचाहिँ 'इगो'जस्तो पनि देखियो । यस्तो इगो समस्या राजीव गान्धीमा पनि थियो । त्यतिवेला भारतलाई नसोधी चीनबाट नेपालले हतियार खरिद गरेको भनेर उनले पनि नेपालमाथि अमानवीय नाकाबन्दी लादेका थिए । अहिलेको नाकाबन्दीको सन्दर्भमा चाहिँ भारतले नाकाबन्दी गरिहाल्छ भन्ने लागेको थिएन । भारतको सुरक्षाको दृष्टिकोणले पनि सोच्नुपर्छ नेपालले । तर, दशगजामा बस्न दिएर आन्दोलन चर्काउन दिने काम भारतबाट हुनु पनि गलत थियो । अझ भारतले नेपाल नीतिभित्र मधेस नीति हुनुपर्नेमा अहिले मधेस नीतिभित्र नेपाल नीति अपनाउन खोजेजस्तो पनि देखियो । यो गलत पनि भएको छ ।

# पुनरूद्धार कोषमा बैंकहरूबाट साढे २८ अर्बको प्रतिबद्धता

काठमाडौं । आर्थिक पुनरूद्धार कोषमा बैंक तथा वित्तीय संस्थाले २८ अर्ब ६० करोड ६० लाख रूपैयाँ संकलन प्रस्ताव गरेका छन् । २६ वाणिज्य बैंक, ९ विकास बैंक र २ वित्त कम्पनीबाट कोषमा मंगलबारसम्म रकम संकलनको प्रतिबद्धता प्राप्त भएको राष्ट्र बैंकका प्रवक्ता त्रिलोचन पंगेनीले बताए ।

उनका अनुसार वाणिज्य बैंकले २७ अर्ब ३५ करोड, विकास बैंकले ७३ करोड १० लाख र वित्त कम्पनीले ५२ करोड ५० लाख संकलनको प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भने, 'बैंक तथा वित्तीय संस्थाबाट प्रतिबद्धता आउने क्रम जारी रहेकाले रकम अझै बढ्न सक्छ ।' चालू आर्थिक वर्षको बजेट वक्तव्य र मौद्रिक नीतिमा उल्लेख भएबमोजिम गत माघ १० मा राष्ट्र बैंकले 'आर्थिक पुनरूद्धार कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७२' जारी गरेको थियो । सोही कार्यविधिको निर्देशनअनुसार आफूले कोषमा जम्मा गर्न सक्ने रकमको प्रतिबद्धता पेस गर्न बैंक तथा वित्तीय संस्थालाई एकमहिने समय दिइएको थियो ।

फागुन १० मा एकमहिने समयावधि पूरा भएको छ । कोषमा बैंक तथा वित्तीय संस्थाबाट ठूलो रकमको प्रतिबद्धता आउने अपेक्षा गरिए पनि त्यसअनुसार नदेखिएको राष्ट्र बैंक स्रोतले बताएको छ । तर, आउने क्रम जारी रहेकाले अझै बढ्न सक्ने राष्ट्र बैंकको दाबी छ । बैंकद्वारा कोषमा प्रदान गरिएको रकम वैधानिक तरलता अनुपात (एसएलआर)मा गणना हुने व्यवस्था गरिएको छ । कम्तीमा २ वर्षका लागि राखिने रकमको बैंकले वार्षिक साढे १ प्रतिशतका दरले ब्याज पाउनेछन् ।

कार्यविधिअनुसार १ खर्ब रूपैयाँको कोष स्थापना गरिनेछ । कोषमा नेपाल सरकार, विकास साझेदार(एक दर्जन), बैंक तथा वित्तीय संस्था र पुनर्कर्जा ब्याजबापतको रकम संकलन गरिनेछ ।

नेपाल सरकारमार्फत स्थापना हुने कोष राष्ट्र बैंकले सञ्चालन गर्नेछ । कोषमार्फत असहज परिस्थितिका कारण कृषि, उद्योग, जलविद्युत तथा पर्यटनलगायत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा परेको प्रतिकूल असर न्यूनीकरण गरी पीडितलाई ब्याज सहुलियत र पुनर्कर्जा सुविधा उपलब्ध गराइनेछ ।

राष्ट्र बैंकले ब्याज अनुदान र पुनर्कर्जाका लागि छुट्टै खाता सञ्चालन गर्नेछ । कोषलाई आधार मानी प्रदान गरिने पुनर्कर्जाको ब्याजदर साढे १ प्रतिशत र कर्जाअवधि बढीमा २ वर्षको हुने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिअनुसार सीमानाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीमा असहज परिस्थितिका कारण आव ०७१/७२ को पहिलो ६ महिनामा भएको उत्पादन/कारोबारभन्दा चालू आवको सोही अवधिमा उत्पादन ५० प्रतिशत कमी भए त्यस्ता उद्योग तथा व्यवसायीले कोषमार्फत ब्याज अनुदान पाउनेछन् । तर, ऋणी ०७२ असार मसान्तसम्म असल वर्गमा रहेको हुनुपर्ने प्रावधान छ । व्यावसायिक कार्ययोजनाअन्तर्गत त्यस्तो सुविधा प्रदान गर्नुपर्नेछ । उल्लेखित मापदण्ड पूरा गरेको ऋणीले आव ०७२/७३ साउनदेखि पुस मसान्तसम्म ब्याजदरमा १० करोडसम्मको कर्जा उपयोग गरेकामा वार्षिक ४ प्रतिशतका दरले र १० करोडभन्दा बढी कर्जा उपयोग गरेको भए कोषमार्फत वार्षिक २ प्रतिशतका दरले ब्याज उपलब्ध गराइनेछ ।

तर, व्यक्तिगत कर्जा, घर कर्जा, सवारीसाधन कर्जालगायत आर्थिक आपूर्तिमा देखिएको असहज अवस्थाका कारण नगद प्रवाह प्रभावित नभएको क्षेत्रलाई ब्याज अनुदान प्रदान गरिने छैन । कोषअन्तर्गत पुनर्कर्जाका लागि तोकिएका क्षेत्रमा सञ्चालित उद्योग व्यवसायले पुनर्कर्जा सुविधा प्राप्त गर्नेछन् ।

बैंक तथा वित्तीय संस्थाले ५ करोड वा त्यसभन्दा बढी कर्जा उपयोग गरेको अवस्थामा बढी कर्जाको २० प्रतिशतका दरले यस्तो सुविधा पाउनेछन् ।


## कुपोषण हुनबाट बचावट

बच्चाको पोषिलो खानामा निम्न कुराहरू हुनुपर्दछ

- अन्न : चामल, गहुँ, मकै, कोदो आदि
- गेडागुडी : चना, सिमी, बोडी आदि
- तरकारी : मौसम अनुसार उपलब्ध हुने तरकारी तथा हरिया सागपात
- फलफूल : किशोर, किशोरी अवस्थामा यौन तथा स्वास्थ्यका बारेमा धेरै जिज्ञासा एवं कौतुहलता हुन्छन् त्यसैले किशोर किशोरीका जिज्ञासाहरुलाई लाज तथा धक नमानी समाधान दिई विभिन्न यौनजन्य दुर्व्यवहारमा फस्न तथा यौन रोगको संक्रमण हुनबाट जोगाऔं
- दूध र दूधबाट बनेका खानेकुराहरु
- अण्डा, माछा, मासु (सम्भव छ भने)
- आयोडिनयुक्त नुन
- बच्चा ६ महिना पुगेपछि ५ वर्षसम्म ६/६ महिनामा भिटामिन ए क्याप्सुल खुवाउनुपर्छ । साथै १ वर्षदेखि ५ वर्षसम्मका बच्चालाई जुकाको औषधी पनि खुवाउनुपर्दछ ।
- बच्चाको उमेर बढ्दै जाँदा खानाको परिमाण र खुवाउने पटक पनि बढाउँदै जानुपर्छ ।
- उचित खाना खान नपाएर बच्चा कुपोषित हुन्छ, जसले गर्दा बच्चाको शारीरिक तथा मानसिक विकास उचित रुपमा हुन पाउँदैन ।

जिल्ला जनस्वास्थ्य कार्यालय

टेकु, काठमाडौं

# कांग्रेस महाधिवेशनमा महिलाका मुद्दा

*महालक्ष्मी उपाध्याय*

जति वेला महिलाहरु घरबाट निस्कन सक्ने अवस्था थिएन, सामाजिक परिवेश महिलाप्रति सकारात्मक थिएन, राजनीतिक क्रियाकलापमा महिलाको क्रियाशीलताप्रति नेपाली समाज सकारात्मक थिएन, त्यतिवेलै नेपाली कांग्रेसका नेता बिपी कोइरालाले महिलालाई अघि बढाउने ठोस योजना ल्याउनुभयो । कोइराला नेपालको इतिहासकै पहिलो जननिर्वाचित प्रधानमन्त्री पनि हुनुहुन्छ । पहिलोपटक सम्पन्न संसदीय निर्वाचनबाट चुनिनुभएका प्रधानमन्त्री कोइरालाको राजनीतिमा महिलाको सहभागिता वृद्धि गर्दा मुलुक सकारात्मक दिशामा अघि बढ्न सक्छ भन्ने धारणा थियो । राजनीतिमा महिला सहभागिताबाटै विकासको दिशामा मुलुक अग्रसर हुन सक्छ भनेर उहाँले महिलालाई पहिले कांग्रेसमा र त्यसलगत्तै सरकारमा पनि ल्याउनुभयो । उहाँले अवधारणा मात्रै ल्याउनुभएन, त्यसलाई व्यवहारमै कार्यान्वयन गर्दै मन्त्रिपरिषद्मा महिला सदस्य नियुक्त गर्नुभयो । जुन वेला महिला मन्त्री बन्न सक्ने परिकल्पनासमेत नेपाली समाजले गरेको थिएन । तर, बिपी कोइरालाले महिलालाई मन्त्री बनाएर कांग्रेसले उदाहरणीय काम गर्छ भन्ने देखाउनुभयो । उहाँले द्वारिकादेवी ठकुरानीलाई मन्त्री बनाएर समाजलाई चकित पार्नुभयो । उहाँले महिलालाई उचित स्थान दिनुभयो । तसर्थ, महिलालाई राजनीतिमा लाग्न प्रेरित गर्ने पहिलो पार्टी कांग्रेस नै हो ।

जुन वेला महिलाले राजनीति गर्न हुन्न भन्ने नेपाली समाजको मान्यता थियो, त्यस वेला समाजलाई परिवर्तन गर्नुपर्छ भन्ने कार्यको सुरूवात कांग्रेसले गर्‍यो । महिलाले राजनीति गर्न हुन्न भन्ने भावना बोकेको समाजको धारणा परिवर्तन गर्न मंगलादेवी सिंह, शैलजा आचार्य, नोना कोइराला, सुशीला कोइराला आदि नेतृहरु कांग्रेसको राजनीतिमा होमिनुभयो । र, सामाजिक परिवेश चिर्दै राजनीतिमा पनि अवसर पाएमा महिलाले त्यसको सदुपयोग गरी काम गरेर देखाउन सक्छन् भन्ने प्रमाणित गरिदिनुभयो । त्यसको सुरूवात गर्ने पार्टी कांग्रेस नै हो । जुन विषयलाई अहिले सबैले स्विकारिसकेका पनि छन् । ती महिला योद्धाको योगदान अविस्मरणीय रहेको हुनाले नै नेताहरूलाई महिलालाई अघि बढाउन दबाब परेको हो । नेताहरूलाई दबाब पर्दा कांग्रेसमा महिलाको स्थान आजको स्थितिमा यहाँसम्म पुगेको हो । हामी अहिले कांग्रेस राजनीतिमा नेताहरूलाई महिलालाई उचित स्थान दिएमा सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न सक्छन् भन्दै दबाब दिने अवस्थामा छौं । जुन प्रेरणा दिने कार्य हाम्रा अग्रज योद्धाहरूले गर्नुभएको हो । अहिले आमनेपाली महिलाले सोच्दाखेरि त्यो अवस्थामा कसरी महिला नेतृहरु राजनीतिमा अग्रसर भए होला भनेर आश्चर्य मान्नुपर्ने अवस्था छ । त्यसले नेपाली राजनीतिमा समर्पित हामीजस्ता महिलालाई प्रेरणा प्रदान गर्छ । उनीहरूको सहभागिताले गर्दा नेपाली समाजमा महिला पनि कम छैनन् भन्ने सकारात्मक सन्देश प्रवाह भएको छ ।

मुलुकमा पहिलोपटक जनप्रतिनिधिले जनताका लागि जारी गरेको संविधानमा महिलाका धेरै मुद्दा समावेश गर्न हामी सफल भएका छौं । संविधानसभाको सबैभन्दा ठूलो पार्टी कांग्रेसको नेतृत्वमा जारी भएको संविधानले महिलाका सम्बन्धमा गरेको व्यवस्थालाई कार्यान्वयनको चरणमा १३औं महाधिवेशनबाट लगिनुपर्छ । त्यसका लागि पार्टीमा अहिले भएको संरचना परिवर्तन आवश्यक छ । पार्टी संरचना परिवर्तन नगरिए संविधानलाई 'मिट' गर्न सकिन्न । संविधान कार्यान्वयन गर्ने दिशामा समस्या उत्पन्न हुन्छ । संविधानमा उल्लेख भएको आमाको नामबाट सन्तानलाई नागरिकता उपलब्ध गराउने विषयमा कांग्रेस बोल्नुपर्छ । स्वास्थ्य र शिक्षामा महिला अधिकार वृद्धि गर्नेदेखि लिएर राज्यका निर्णायक तहमा महिला सहभागिता सुनिश्चित गर्न संविधानमा गरिएको व्यवस्थाबारे महाधिवेशनले पारित गर्ने निर्णयमा स्पष्ट रुपमा उल्लेख हुनुपर्छ ।

संविधानमा अनिवार्य रुपमा राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । तर, कांग्रेसले भने आधा आकाश ओगटेका महिलालाई समान अधिकार दिने निर्णय गरिनुपर्छ । विभिन्न क्षेत्र र राज्यका निकायमा महिलाको आवाज बुलन्द गराउन पार्टीका हरेक निकायमा महिलाको सहभागिता सशक्त रुपमा बढाइनुपर्छ । पार्टीको एकाइदेखि केन्द्रसम्म संरचना परिवर्तन गर्ने र महिलाको सहभागिता बढाउने मुख्य जिम्मेवारी महाधिवेशनको हो । अहिले हामी १३औं महाधिवेशनको संघारमा छौं । गाउँ एकाइदेखि क्षेत्र र जिल्लामा प्रायः अधिवेशन सम्पन्न भइसकेका छन् । केही जिल्लामा बाहेक जिल्ला अधिवेशन पनि सम्पन्न भइसकेका छन् । अधिवेशन सम्पन्न भइसकेका जिल्ला नेतृत्वमा महिलाको सशक्त उपस्थिति पनि देखिन्छ । महिलाका लागि आरक्षित गरिएको सिटमा त हुने नै भयो, खुलामा पनि प्रतिस्पर्धा गरेर महिला निर्वाचित भएर आएका छन् । स्थानीय स्तरमा रहेको त्यस सहभागितालाई केन्द्रमा पनि कायम राख्न पार्टीको संरचना परिवर्तन गर्न विधानमा हेरफेर गरिनुपर्छ । पार्टीका फोरमहरूमा हुने बहस र छलफलमा हामीले यो विषय उठाइरहेका पनि छौं । महिला सहभागिताको सुनिश्चितता र समान सहभागितालाई प्राथमिकता दिने तथा तत्काल त्यो अवस्था सिर्जना हुन नसके पनि संविधानको मर्म र भावनाअनुसार पार्टीमा महिला सहभागिता वृद्धि गर्नुपर्छ भन्ने पार्टी महाधिवेशनमा हाम्रो मूल एजेन्डा हो ।

पार्टीमा रहेको महिला आरक्षण व्यवस्थालाई थप गरिनुपर्छ । आरक्षणका लागि छुट्याइएको कोटामा त्यही वर्गका महिलाका लागि पनि त्यसैभित्र कोटा छुट्याइनुपर्छ । १३औं महाधिवेशनअघि विधान संशोधनको कुरा उठिरहेको छ । विधान संशोधनका वेला प्रदेशमा महिला र पुरूषको समान सहभागिता सुनिश्चित गरिनुपर्छ । त्यसो गर्न सकेमा कांग्रेसले समान व्यवहार गरेको ठहर्छ । अब बन्ने विधानको संरचनामा पार्टीका हरेक निकायको निर्णायक तहमा महिलाको सहभागिता सुनिश्चित गरिनुपर्छ । त्यसका लागि हामी केन्द्रीय समितिमा रहेका महिलाले पार्टी बैठकमा, सामाजिक सञ्जाल र महिला अधिकारकर्मी, जसले महिलाको चासो र चिन्ताका विषयमा काम गरिरहेका छन्, उनीहरूको पहिलो नजर राष्ट्रियस्तरका राजनीतिक दलहरूको विधानमा केन्द्रित भइरहेको छ । त्यसकारण महाधिवेशनले कांग्रेसले महिलालाई सम्पूर्ण निकायमा समान सहभागिता सुनिश्चित गरेको छ भन्ने देखाउन सक्नुपर्छ । यसले अन्य राजनीतिक दल र राज्यका निकायमा पनि महिलाको सहभागिता सुनिश्चितता गर्नुपर्छ भन्ने प्रेरणा दिने काम गर्छ । कांग्रेस महाधिवेशनमा महिलाको सहभागिताको विषय कसरी टुंगिन्छ भन्ने चासो र चर्चाको विषय बनेको छ । त्यसलाई सकारात्मक रुपमा सम्पन्न भयो भन्ने सन्देश पार्टी महाधिवेशनले प्रवाहित गर्न सक्नुपर्छ । कांग्रेसले महाधिवेशनमार्फत महिला प्रतिनिधित्वलाई नयाँ आयाम दिन सक्यो भने अन्य राजनीतिक दलमाथि पनि दबाब पर्छ । त्यसैले नेतृत्वले यसलाई महसुस गर्न सक्नुपर्छ ।

# चिनियाँ र कोरियन पर्यटक बढे

म्याग्दी । विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत म्याग्दी र कास्कीका पर्यटकीय स्थलमा चिनियाँ र कोरियन पर्यटकको चहलपहल बढेको छ । म्याग्दीको घोडेपानी, पुनहिल, कास्कीको बिरेठाँटी र घान्द्रुक क्षेत्रमा चीन र दक्षिण कोरियाबाट भ्रमणमा आएका पर्यटकको चहलपहल बढेको हो ।

यस क्षेत्रका पर्यटकीय स्थल गत वैशाखको भूकम्प र नयाँ संविधान जारी भएपछि करिब ५ महिनासम्म भएको नाकाबन्दीका कारण सुनसान बनेका थिए । चीन, दक्षिण कोरिया र आन्तरिक पर्यटकको आगमन बढेपछि पर्यटन तथा होटल व्यवसायी उत्साहित बनेका छन् । घोडेपानी–घान्द्रुक पदमार्गमा हिजोआज नयाँवर्षको बिदा मनाउन दैनिक २ सय हाराहारी चिनियाँ र कोरियाका पर्यटक भित्रिएको घोडेपानीका होटल व्यवसायी टेकसर बुद्धुजा पुनले बताए ।

भूकम्पले असर नगरेको, पोखरादेखि नजिक, तटीय किनाराका बस्तीदेखि हिमाली क्षेत्रको अवलोकन गर्न सकिने र छोटो समयका लागि यात्रा गर्न सकिने भएकाले चिनियाँ र दक्षिण कोरियाका पर्यटकले घोडेपानी घान्द्रुक पदमार्गलाई रोजेको पथप्रदर्शक बताउँछन् ।

करिब २ साताको बिदा मनाउन आउने चिनियाँ र दक्षिण कोरियाका पर्यटकका लागि ३ देखि सात दिनमा पूरा हुने बिरेठाँटी घोडेपानी घान्द्रुक पोखरा पदमार्ग आकर्षणको केन्द्र बनेको छ । हिमशृंखला, सूर्योदय दृश्यावलोकन, गुराँसको जंगल, मगर र गुरूङ संस्कृति, एकान्त वातावरण, झरना, पक्षी आदिले यस क्षेत्रमा पर्यटक आकर्षित गरेको ३० कोरियन पर्यटकलाई घुमाउन ल्याएका पथप्रदर्शक अनन्तराज पौडेलले बताए ।

म्याग्दीको घोडेपानीमा भेटिएका चिनियाँ पर्यटक हु जिङ यस क्षेत्रका पर्यटकीयस्थल सुरक्षित, सुन्दर र मनमोहक रहेको अनुभव गरेको बताउँछन् । अन्नपूर्ण पदमार्ग सुरक्षित रहेको र प्राकृतिक सौन्दर्यमा रमाउन पाएकामा उनले खुसी व्यक्त गरे । प्रणय दिवस नजिकिँदै गर्दा युवायुवतीदेखि प्रौढका जोडी पदयात्रामा आएका छन् ।

पोखरा, काठमाडौं, चितवन, भैरहवालगायत सहरका युवायुवतीको पनि चहलपहल बढेको छ । अमेरिका, फ्रान्स, जर्मनी, इटाली, क्यानडा, बेलायतलगायत युरोपियन मुलुकका पर्यटकको आगमन भने न्यून देखिन्छ ।

## vnsb

# नेपाल र मलेसियाबीच मैत्रीपूर्ण खेल हुने

काठमाडौं । नेपाल र मलेसियाबीच २९ मार्चमा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल हुने भएको छ । मलेसिया फुटबल संघले नेपाली राष्ट्रिय टोलीसँग मैत्रीपूर्ण खेल खेल्न राखेको प्रस्तावलाई अखिल नेपाल फुटबल संघ (एन्फा)ले स्वीकार गरेको हो ।



एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरका अनुसार खेल मलेसियामा हुनेछ । 'मलेसिया फुटबल संघले एन्फालाई मैत्रीपूर्ण खेलका लागि प्रस्ताव गरेको थियो,' तुलाधरले भने, 'मलेसियाको घरेलु मैदानमा हुने खेल खेल्ने हामीले निर्णय गरेका छौं ।'

एन्फाले मैत्रीपूर्ण खेलका लागि पहिलो चरणको छनोट मार्चको पहिलो हप्ता गर्नेछ । पहिलो चरणमा साफ च्याम्पियनसिप, बंगबन्धु र साग खेलेका खेलाडीलाई प्राथमिकतामा राख्नेछ । 'राष्ट्रिय टिममा रही पछिल्ला प्रतियोगिता खेलेका खेलाडीलाई पहिलो चरणमा छनोट गरिनेछ,' तुलाधरले भने, 'त्यसबाहेक घरेलु प्रतियोगितामा राम्रो प्रदर्शन गर्ने खेलाडीलाई पनि बोलाउँछौं ।' तुलाधरका अनुसार पहिलो चरणमा ६० भन्दा बढी खेलाडीलाई बोलाइनेछ ।

अघिल्लो महिना प्राविधिक निर्देशकमा नियुक्त भएका तेकेदा चियाकीले नेपाली टिम प्रशिक्षण गराउने एन्फाले जनाएको छ । जापानका नागरिक चियाकी जापान फुटबल संघको सहयोगमा काठमाडौं आएका हुन् । चियाकी साग फुटबल हेर्न भारतको गुवाहाटीसमेत गएका थिए । उनलाई नेपाली प्रशिक्षकहरूले सघाउने एन्फाले जनाएको छ । यसअघिका प्रशिक्षक प्याट्रिक असेम्सले एन्फासँग असन्तुष्टि जनाउँदै सम्झौता नगर्ने जनाएपछि नेपाली प्रशिक्षकले टिम सम्हालेका थिए । बंगबन्धु गोल्डकपमा बालगोपाल महर्जन तथा सागमा राजुकाजी शाक्यले नेपाली टिम सम्हालेका थिए । दुवै प्रशिक्षकले नेपाललाई उपाधि जिताउन सफल भएका थिए ।

# रोनाल्डोले पेनाल्टी चुकाउँदा रियललाई धक्का



क्रिस्चियानो रोनाल्डोले पेनाल्टी चुकाएको खेलमा रियल म्याड्रिड मालागासँग १–१ गोलको बराबरीमा रोकिएको छ । बराबरीपछि रियलको उपाधि जित्ने अभियानमा समेत धक्का लागेको छ ।

खेलमा रियलले ३३औं मिनेटमा अग्रता लियो । टोनी क्रुजको उत्कृष्ट फ्रिकिकमा रोनाल्डोले अफसाइट पोजिसन बिट गर्दै गोल गरेका थिए । तीन मिनेटपछि रियलले अग्रता दोब्बर पार्ने अवसर गुमायो । मालागाका वेलिङ्टलले फल गरेपछि प्राप्त पेनाल्टीमा रोनाल्डो चुके । रोनाल्डोको प्रहारलाई मालागाका गोलरक्षक कार्लोस कमेनीले रोकेका थिए ।

पहिलो हाफमा १–० ले पछि परेको मालागागले दोस्रो हाफमा सम्हालिएको प्रदर्शन गरेको थियो । पहिलो हाफभन्दा दोस्रो हाफमा मालागाले बल नियन्त्रण पनि आफ्नो पक्षमा पारेको थियो । ६६औं मिनेटमा मागाला गोल फर्काउन सफल भयो । मालागाका लागि राउल एल्बेनटोसाले बराबरी गोल फर्काए ।

उपाधि होडमा रहेको अर्को टोली एथलेटिको म्याड्रिड पनि बराबरीमा रोकिएको छ । एथलेटिकोलाई भिल्लारियालले गोलरहित बराबरीमा रोकेको हो । उपाधि होडमा रहेका म्याड्रिडका दुवै क्लब रोकिएपछि शीर्ष स्थानको बार्सिलोनालाई प्रत्यक्ष फाइदा पुगेको छ ।

# पोखरा कप चैतमा

मनकामना केबुलकार पोखरा कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता ८–२० चैतसम्म हुने भएको छ । आयोजक कास्की जिल्ला फुटबल संघ एन्फाका अध्यक्ष धर्मबहादुर लामिछानेले प्रतियोगिताको मुख्य प्रायोजक मनकामना दर्शन प्रालि रहेको जानकारी दिएका छन् । यसअघि सो प्रतियोगिता गत पुसमा हुने भनिएको थियो ।

अखिल नेपाल फुटबल संघ एन्फाले चैतमा गर्ने तालिका दिएपछि प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा १२ टोलीले प्रतिस्पर्धा गर्ने लामिछानेले बताए । बंगलादेशको धानमुन्डी क्लबले पहिलो संस्करण जितेको थियो । त्यसपछि दोस्रो र तेस्रो संस्करणको उपाधि मनाङ–मर्स्याङ्दीले हात पार्‍यो । प्रतियोगिताको साबिक विजेता नेपाल पुलिस हो ।

## /Elg va/

## प्रदर्शनीमा कार्टुन

नेपाली राजनीति, समाज र संस्कृतिको इतिहास कस्तो थियो ? राजनीतिक परिवर्तनमा विभिन्न पक्षको भूमिकाजस्तै कार्टुनको भूमिका कस्तो रहेको थियो ? यिनै विषय र पक्ष बुझ्न अहिले टुसालस्थित तारागाउँ म्युजियम पुग्नुपर्छ ।

तारागाउँ म्युजियममा ०१४ सालदेखि ०४६ सम्म नेपाली छापामाध्यममा छापिएका कार्टुनको प्रदर्शनी भइरहेको छ । प्रदर्शनीमा शशी शाह, कुलमानसिंह भण्डारी, दुर्गा बराल वात्स्यायन, रमेशनाथ पाण्डे, प्रा. रामकुमार पाँडे, टेकवीर मुखियाका कार्टुन राखिएको छ । त्यस्तै, उज्वलकुन्दन ज्यापू, बलराम थापा आदिले पञ्चायती व्यावस्थाको समयमा बनाएका कार्टुन पनि प्रदर्शनीमा राखिएको छ ।

प्रदर्शनीको सन्दर्भ पारेर प्रदर्शनीमा राखिएका कार्टुनसहितको कार्टुनको नालीबेली समेटिएको 'नेपाली कार्टुनको एउटा कालखण्ड' पुस्तक पनि विमोचन गरियो । नेपाल कार्टुनिस्ट क्लबको संयोजनमा नेपाल ललितकला



प्रज्ञा प्रतिष्ठान तथा तारागाउँ म्युजियमको सहकार्यमा मंगलबार बौद्ध, टुसालमा प्रदर्शनीको शुभारम्भ तथा पुस्तकको विमोचन गरिएको हो । क्लबका अध्यक्ष अविन श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा नेपाली छापामाध्यममा पहिलोपटक कार्टुन प्रकाशित गर्नुभएका गोवर्द्धनविक्रम शाहले जानी-नजानी बनाएको कार्टुन पनि पहिलो हुन पुगेको स्मरण गर्दै कार्टुनको भविष्य राम्रो रहेको बताए ।

कार्यक्रममा पूर्वमन्त्री रमेशनाथ पाण्डेले आफूले पत्रकारिता गर्ने समयमा कार्टुनिस्टको अभावमा आफैँले कार्टुन बनाएको स्मरण गरे । उनले विश्वमा सामाजिक व्यंग्यका रूपमा सन् १७४० देखि सुरु भएको कार्टुन विधाले वि.सं. १९१४ बाट भने राजनीतिक व्यवस्थालाई पनि व्यंग्य गर्न थालेको जानकारी दिए । कार्यक्रममा डा. कुन्दन अर्यालले पत्रकारितामा विशेष मह�व राख्ने कार्टुन चित्र बनाउने कलाकारलाई सो पुस्तकले चिनाउने शृंखला सुरु भएको बताए ।

त्यस्तै, व्यंग्य लेखक तथा कार्टुनिस्ट रामकुमार पाँडेले आफ्नो समयमा कार्टुनिस्टको कमी रहेको र कलाकारलाई आग्रह गरेर कार्टुन बनाउन अनुरोध गर्ने परम्परा आजका दिनमा व्यावसायिक कार्टुनिस्टले तोडेको बताए । प्रतिष्ठानका वास्तु तथा अन्य सिर्जनात्मक कला विभागका प्रमुख नारदमणि हार्तम्छालीले कार्टुनले समाजसँग प्रत्यक्ष संवाद गर्ने बताए ।

प्रदर्शनीमा चन्द्रमानसिंह मास्के, शशी शाह, कुलमानसिंह भण्डारी, रामकुमार पाँडे, दुर्गा बराल 'वात्स्यायन' उज्जलकुन्दन ज्यापू, रमेशनाथ पाण्डे, मोदनाथ प्रश्रित, मनुजबाबु मिश्र, मदन चित्रकार, सुरेन्द्रराज भट्टराई, शरद रञ्जित, अशोकमान सिंह, नारदमणि हार्तम्छाली, जीवन राजोपाध्याय, किरण मानन्धर, सुवास क्षितिजलगायत ४९ जनाका एक सय ३० भन्दा बढी कार्टुन राखिएको छ । प्रदर्शनी फागुन २० सम्म रहने आयोजकले जनाएको छ ।

## आयो लवको बिसाउनी

गीतकार लवकुमार बुढाथोकीको पहिलो आधुनिक गीतको एल्बम 'बिसाउनी' सार्वजनिक भएको छ । आइतबार आयोजित कार्यक्रममा कवि तथा गीतकार भूपाल राई र एल्बमका गीतकार तथा संगीतकारले संयुक्त रूपमा एल्बम लोकार्पण गरे ।

एल्बममा 'यो अन्जान संसारमा', 'कस्तो यो बानी बस्यो', 'के भयो गल्ती मदेखि', 'पर्खनुको पीडा पर्खाउने' र 'जिन्दगी यो जुवाजस्तै' बोलका पाँच गीत रहेका छन् । गीतमा ख्यातिप्राप्त गायक-गायिकाहरु उदय सोताङ, शिव परियार, दीपक लिम्बू, दुर्गा परियार र देवेश राईको स्वर रहेको छ । एल्बममा रहेका पाँचवटै गीतका संगीत डक्टर किराँतले गरेका छन् ।




कार्यक्रममा गीतकार बुढाथोकीले एल्बमको गीत र संगीतका बारेमा समीक्षा गरेका थिए । कार्यक्रममा शिव परियारको स्वरमा रहेको 'यो अन्जान संसार'को म्युजिक भिडियो सार्वजनिक गरिएको थियो । निकेश खड्काले निर्देशन गरेको भिडियोमा विवेकसिंह ठकुरी र अमृता बुढाथोकीले फिचर गरेका छन् ।

गीतकार बुढाथोकीका यसअघि केही फुटकर गीत विभिन्न गायक-गायिकाले स्वरबद्ध गरिसकेका छन् । संगीतकार किराँतले दुई सयभन्दा बढी गीतमा संगीत गरिसकेका छन् । एल्बमको उत्पादन र वितरण नयाँ मार्गी संगीत एकेडेमी एन्ड प्रोडक्सनले गरेको हो ।

## विरहीको देब्रे आँखा

रेशम विरहीको निबन्धकृति 'देब्रे आँखा' सार्वजनिक भएको छ । तीसको दशकदेखि कविता र निबन्ध लेखनमा लागेको विरहीको यो पहिलो निबन्धकृति हो ।

आख्यानकार नारायण ढकालले देब्रे आँखाको शनिबार विमोचन गरे । ढकालले निबन्धमा विरहीले इतिहासको निर्मम समीक्षा गरेको बताए । 'उनका निबन्ध पढ्दा कतै कविता पढेजस्तो, कतै कथा पढेजस्तो भान हुन्छ,' उनले भने ।



पुस्तकमाथि टिप्पणी गर्दै कवि तथा लेखक श्यामलले विरहीको सबैभन्दा ठूलो क्षमता नै लेखनमा आत्मीयता रहेको चर्चा गरे । 'मार्क्सवादले मुक्त मानिसको कल्पना गर्ने तर हाम्रोमा मार्क्सवादलाई दास उत्पादन कारखानका रूपमा लिइन्छ,' उनले भने, 'यी निबन्धले त्यसलाई जस्टिफाई गर्छ ।'

विरहीले आफूमा लेखक बन्ने कुनै मह�वाकांक्षा नभएको र जीवन भोगाइका अभिव्यक्तिलाई सार्वजनिक गर्ने मोहले नै पुस्तक बाहिर ल्याएको बताए । शिखा बुक्सले प्रकाशन गरेको सो कृतिमा २४ निबन्ध संगृहीत छन् । पुस्तकको मूल्य दुई सय ५० छ ।

## केसीको पुस्तक बजारमा

धौलागिरि क्षेत्र नेपाली कम्युनिस्ट आन्दोलनको उर्वर भूमि हो । तर, अहिलेसम्म उक्त क्षेत्रको कम्युनिस्ट आन्दोलनको ऐतिहासिक पाटो सार्वजनिक भएको थिएन । यो पाटोमा खासै अनुसन्धान पनि भएको थिएन । अब भने एमाओवादी नेता कृष्णबहादुर केसीले धौलागिरि क्षेत्रको कम्युनिस्ट आन्दोलनको उद्भव र विकासबारे पुस्तक बजारमा ल्याएका छन् ।

'धौलागिरिमा कम्युनिस्ट आन्दोलन उद्भव र विकास' शीर्षकमा केसीले पुस्तक बजारमा ल्याएका हुन् । पुस्तक सोमबार एमाओवादी अध्यक्ष प्रचण्डले विमोचन गरे । केसीले पुस्तकमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना, विवाद र फुटको इतिहासले धौलागिरिमा पारेको प्रभावदेखि ऐतिहासिक प्रसंग उठाएका छन् । उक्त क्षेत्रको कम्युनिस्ट विचारको प्रभाव, विचारको बिजारोपण, विकासलाई केन्द्रीय भूमिकामा प्रस्ट्याउने प्रयत्न गरेका छन् ।

त्यही क्रममा उनले धौलागिरिका बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका छुट्टाछुट्टै कम्युनिस्ट आन्दोलनको ऐतिहासिक पाटो केलाएका छन् । त्यसै प्रसंगलाई जोडेर केसीले पुस्तकमा माओवादी जनयुद्धमा धौलागिरिको योगदानको चर्चा पनि गरेका छन् । 'धौलागिरिको कम्युनिस्ट आन्दोलनबारे लामो अनुसन्धानपछि पुस्तक ल्याएको हुँ,' केसीले पुस्तकबारे भने ।

## skt/6

## जोगबुढामा मेगा बैंकको शाखा

मेगा बैंक नेपालले डडेल्धुराको जोगबुढामा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । जोगबुढासहित बैंकका शाखा सञ्जाल ३० पुगेका छन् । दुर्गमका विपन्न जनतालाई अत्याधुनिक सेवामार्फत आर्थिक उत्थान गर्ने उद्देश्यले बैंकले सक्षम परियोजनासंगको सहकार्यमा जोगबुढामा शाखा विस्तार गरेको हो ।

लुइस बर्जर ग्रुपका उपाध्यक्ष चाल्स बेलले जोगबुढा शाखा उद्घाटन गरेका थिए । जोगबुढामा निजी क्षेत्रको वाणिज्य बैंक शाखा पहिलोपटक मेगाले खोलेको हो । मेगा बैंकका साना मझौला कर्जा प्रमुख अमित श्रेष्ठले वित्तीय सुविधाबाट वञ्चित नेपालीलाई सेवा दिने उद्देश्यले बैंकले सुदूरपश्चिमका दुर्गम जिल्लामा पनि शाखा तथा शाखारहित सेवा विस्तार गरिरहेको जानकारी दिए ।

## कुमारी बैंकले गऱ्यो चार अस्पतालसँग सम्झौता

कुमारी बैंक लिमिटेडद्वारा 'कुमारी स्वस्थ जीवन बचत खाता'अन्तर्गत राजधानीका ४ वटा अस्पतालसंग स्वास्थ्य सेवामा छुट दिने सम्बन्धमा सहमति भएको छ । नर्भिक इन्टरनेसनल हस्पिटल, ग्रान्डी इन्टरनेसनल हस्पिटल, वयोधा हस्पिटल र चिरायु नेसनल हस्पिटल एन्ड मेडिकल इन्स्टिच्युटस�ग स्वास्थ्य सेवामा छुट दिने सम्बन्धमा सहमति भएको बैंकले जनाएको छ ।

'कुमारी स्वस्थ जीवन बचत खाता' खोल्ने ग्राहकका लागि ती अस्पतालबाट शल्यक्रिया, भर्ना शुल्क, अन्य इन्भेस्टिगेसनलगायतमा विशेष छुटको व्यवस्था गरिएको सम्झौतामा उल्लेख छ । त्यसमध्ये नर्भिक, वयोधा र ग्रान्डीले १० प्रतिशतसम्म छुट दिनेछन् । त्यस्तै, चिरायुले १५ प्रतिशतसम्म छुट दिने प्रावधान राखेको बैंकले जनाएको छ ।

ती सबै अस्पतालमा स्वास्थ्य प्रयोगशालासहित बिरामीलाई सबै प्रकारको स्वास्थ्य सेवा सुविधा उपलब्ध छ । यस सेवालाई विस्तार गर्न भविष्यमा थप अरु अस्पताललाई पनि समेटी सेवा प्रदान गराउने योजना रहेको बैंकले जनाएको छ ।

## सेञ्चुरीले सुरू गऱ्यो पुनर्निर्माण

सेञ्चुरी बैंकले सिआरएसअन्तर्गत गत वैशाख १२ को भूकम्पले क्षति पुऱ्याएको त्रिपुरेश्वरस्थित त्रिभुवन सालिकपरिसरमा रहेको ट्राफिक आइल्यान्ड पुनर्निर्माण गरेको छ ।

पुनर्निर्माण गरिएको सालिक प्रजातन्त्र दिवसका अवसरमा उपप्रधानमन्त्री कमल थापाले अनावरण गरेको बैंकले जनाएको छ । काठमाडौं महानगरपालिकासँग ५ वर्षसम्म परिसर मर्मत गर्ने सम्झौता भएको बैंकले बताएको छ ।

## एनआइडिसीको साधारणसभा

एनआइडिसी क्यापिटल मार्केट्सको २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले सञ्चालक समितिको आव ०७१/७२ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणसहितका वित्तीय विवरण स्वीकृत गरेको कम्पनीका अध्यक्ष शालिग्राम पराजुलीले बताए ।

त्यस्तै, कम्पनीको सहायक कम्पनी एनसिएम मर्चेन्ट बैंकिङको आव ०७१/७२ को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरण, लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारणलगायत विषय पनि साधारणसभाले अनुमोदन गरेको कम्पनीले जनाएको छ ।

## यती बैंकको वित्तीय साक्षरता

यती डेभलपमेन्ट बैंकको बारास्थित निजगढ शाखाले भरतगन्जसिंगौलमा समुदायमा आधारित वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । सिआरएसअन्तर्गत समुदायका विभिन्न क्षेत्रका १ सयभन्दा बढीको सहभागिता रहेको कार्यक्रममा निजगढ शाखा प्रबन्धक अच्युत सुवेदीले बैंकको महत्व र बचत गर्ने तरिकाबारे सर्वसाधारणलाई सचेतना तालिम दिएका थिए ।

## एनसेलको ग्राहक सचेतना

मोबाइल सेवाप्रदायक कम्पनी एनसेलले एनसेल एप प्रयोगकर्ता ग्राहकलाई एप एक्टिभेट गर्ने पिनकोडलगायत व्यक्तिगत विवरण अरूलाई नभन्न र नदिन आग्रह गरेको छ ।

ग्राहक आफैँले विभिन्न सेवा लिन सकुन् भन्ने उद्देश्यले कम्पनीले विकास गरेको एनसेल एपको माध्यमबाट केही व्यक्तिले ग्राहकलाई झुक्याई दुरूपयोग गरेको जानकारीपछि एनसेलले ग्राहकलाई सचेत बनाएको हो ।

## नासा र बिकेटी सडक सुरक्षा सम्झौता

सडक सुरक्षाको क्षेत्रमा विगत ३ वर्षदेखि कार्यरत नेपाल अटोमोबाइल्स एसोसिएसन र बिकेटीको नेपालस्थित विक्रेता डेल्टा डिस्ट्रिब्युटर्स प्रालि काठमाडौंबीच सेफ्टी ड्राइभिङ ट्रेनिङ प्रोगाम सञ्चालन गर्ने सम्झौता भएको छ ।

सम्झौतापत्रमा नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा)का अध्यक्ष दशरथ रिसाल र डेल्टा डिस्ट्रिब्युटर्सका तर्फबाट विक्रम सिंघानियाले हस्ताक्षर गरे । उक्त अवसरमा बिकेटीले चालकलाई प्रदान गर्ने ज्याकेटसमेत सार्वजनिक गरिएको छ ।

## मन्त्री पोखरेलको...

सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिएर मात्र सरुवा गर्न पाउने कानुनी व्यवस्था भएपनि सहमति नै नलिई सरुवा गर्न थालेपछि एउटै जिल्लामा दुई जना शिक्षा अधिकारी भएका छन् । नियम विपरित सरुवा गरेको भन्दै केही जिल्लाका शिक्षा अधिकारीहरू सरकारविरूद्ध अदालतसमेत गएका छन् । मन्त्रीले आफू अनुकूल जिशिअ सरुवा गर्न सम्बन्धित कार्यालयमा रहेका वरिष्ठ सहायक जिल्ला अधिकारीहरूलाई अन्यत्र सरुवा गर्ने तयारी गरेका छन् । जिशिअभन्दा सहायक जिशिअ वरिष्ठ भएपछि उनीहरूलाई अन्यत्र सरुवा गर्न लागिएको शिक्षा मन्त्रालय सुत्रले दाबी गरेको छ । काठमाडौंका जिल्ला शिक्षा अधिकारी शंकर गौतमले आफूलाई समयावधि नपुग्दै सरुवा गरेको भन्दै पनरावेदन अदालत पाटनमा मुद्दा दर्ता गरेकोमा अदालतले मुद्दा दर्ता गरेकोमा अदालतले मुद्दा टुंगो नलागेसम्म सरुवा कार्यान्वयन नगर्न आदेश दिएको छ । कैलालीका जिशिअ गणेश सिंहलाई क्षेत्रीय शिक्षा कार्यालय टोडीमा सरुवा गरिएकोमा उनी पनि अदालत गएका छन् । अन्य जिशिअहरु पनि मन्त्रीले अन्यायपूर्वक सरुवा गरेको भन्दै अदालत जाने तयारीमा रहेका छन् । मन्त्री पोखरेलले आफू नजिकका व्यक्तिलाई सरुवा गर्न पहिला ठाउँ खाली गर्ने गरेका छन् । त्यसपछि खाली भएको ठाउँमा सरुवाका लागि सामान्य प्रशासन मन्त्रालयमा सहमतिका लागि सिफारिस गर्ने गरेका छन् । धेरैजसो काज सरुवा गरिएको छ ।

सामान्य प्रशासन मन्त्री रेखा शर्माले काज फिर्ता गरेको हल्ला चलाएपनि एमाओवादीका मन्त्रीहरूले गरेका सिफारिसमा भने भित्रभित्रै सहमति दिने गरेकी छन् । स्मरणरहोस् सामान्य प्रशासन मन्त्री समेत एमाओवादी कोटाबाट मन्त्री भएकी हुन् । शिक्षा मन्त्रालयमा पछिल्लो दुई सातामा ३४ जनाभन्दा बढीको सरुवा भइसकेको छ । कतिपय जिल्लाहरूमा त सामान्यबाट सहमति नआउँदै सरुवा गरिएको छ । यसको पछिल्लो प्रमाण हो, ललितपुरका जिल्ला शिक्षा अधिकारी दिलनाथ पुरीलाई सानोठिमी शैक्षिक गुणस्तर परिक्षण केन्द्रमा सरुवा गरिएको छ । तर सामान्यले सहमति नदिएपछि मन्त्री पोखरेल जसरी भएपनि सहमति ल्याइछाड्ने अभियानमा जुटेका छन् ।

सामान्यबाट सहमति ल्याउनुपूर्व नै पुरीको ठाउँमा पहिला आफू स्वास्थ्यमन्त्री हुँदा पिए बनाएका निर्मल घिमिरेलाई रुकुमबाट ललितपुरमा सरुवा गरिएको छ । मन्त्री पोखरेल केही वर्ष पहिला स्वास्थ्य मन्त्री भएका बेला स्वास्थ्य मन्त्रालयमा समेत त्यस्तै सरुवा आतंक मच्चाएका थिए । अहिले शिक्षामा त्यस्तै आतंक मच्चाइरहेपनि एमाओवादी पार्टी अध्यक्ष भने मौन रहेपछि मन्त्री पोखरेलका गैरकानुनी कार्यलाई संरक्षण दिइरहेका सुत्रले दाबी गरेको छ ।

एक वर्षमा कर्मचारीलाई तीन महिनाभन्दाबढी काजमा राख्न नपाइने कानुनी व्यवस्था भएपनि स्वास्थ्यमन्त्री भएका बेला पिए बनाइएका घिमिरेलाई रुकुमबाट काजमा फेरि ललितपुरमा ल्याउनु कानुनी व्यवस्थाको धज्जी उडाउँदा पनि प्रधानमन्त्री ओली भने मौन रहनुको अर्थ के ?

## लोकतान्त्रिक

जोड्ने फूलवारी मार्ग खोल्न भारतले उहिल्यै सहमति गरेको हो, अझैसम्म सहज हुनसकेको छैन । यद्यपि यही नै बेला बंगलादेशले सीमामा अध्यागमन कार्यालय खोलेर नेपाल–बंगलादेश व्यापार र पर्यटन उद्योगका लागि ढोका खोलिदिएको छ । यही एउटा मार्ग हो जुन जम्मा २८ किलोमिटर सडकबाट नेपाल बंगलादेश जोडिनसक्छ । तर भारतले सुरक्षाको कुरा उठाएर जहिले पनि भाँजो हाल्दै आएको छ ।

जलस्रोतको धनी देश नेपाललाई तत्काल ८० मेगावाट र केही महिनामै ६ सय मेगावाट विद्युत बेच्न भारत तैयार भएको छ । ओलीको भ्रमणले दिएको उपलब्धि यही हो । जुन नेपालको बेइजति भन्दा फरक पर्दैन । त्यसै पनि नेपाल भ्रमणका बेलामा मोदीले संसदमा उभिएर हिमालको पानी र पहाडको जवानी टिकिरहदैन भनेर त्यो बगेर भारतीय गोर्खा र भारतीय भूमिमा जाने हो भन्ने व्यङ्ग गर्दा नबुझ्ने सभासदहरूले टेबुल फुट्ल्याजस्तो गरी ठटाएका थिए । त्यसैको नतिजा हो संविधान घोषणापछि भारतले लगाएको ५ महिना लामो नाकावन्दी । जसले नेपालको जनजीवन र अर्थतन्त्र धरासायी बनाइसकेको छ । बल्ल आएर भारतले अघोषित रूपमा लगाएको नाकावन्दी अघोषित रूपमै खोलिदिएको छ ।

भन्न सकिन्न, नाकावन्दी सधैंका लागि टरिसक्यो । किनभने तमलोपाका अध्यक्ष महन्त थाकुरले फेरि नाकावन्दी लगाउन सकिन्छ भनेका छन् । मधेसी मोर्चाले पनि मधेसमा दुई प्रदेश र सिमांकनको समस्या नटुंग्याए फेरि कडा आन्दोलन गर्ने चेतावनी दिइसकेको छ ।

नेपालमा जे जति समस्याहरू बल्झिदै गएका छन्, ती सबै राजनीतिक असक्षमताले हो । अस्थिरता बढेको कारण पनि भ्रष्टाचार र विदेशी चलखेलले हो । यसका कारणले नेपालबाट चीन र भारतले असुरक्षा अनुभव गर्न थालेका छन् र विश्वासिलो सत्ताको जग खोजिरहेका छन् । त्यो जग राजतन्त्रबाहेक अरु हुनसक्दैन भन्ने निष्कर्षमा भारत र चीन पुगेको बताइन्छ । थाइलेण्ड र दिल्लीमा जुन अदृश्य पकवानहरू पाकिरहेका छन्, त्यो नेपालको राजनीतिमा अर्थपूर्ण रहेको विज्ञहरूको धारणा छ । तिनै बिज्ञहरू भन्छन्– पूर्वराजाको फागुन ७ को कडिकडाउ सन्देश त्यसैको प्रतिफल हो ।

**पूर्वराजाले फागुन ७ गते बैंककबाट जारी गरेको सन्देशको पूर्णपाठ–**

*प्यारा नेपाली दिदीबहिनी तथा दाजुभाइ, प्रजातन्त्र दिवसको यो सुखद अवसरमा हाम्रा जिज्यु बुवाराष्ट्रपिता श्री ५ त्रिभुवनको स्मरण गर्दै ज्ञात अज्ञात शहिद र प्रजातन्त्र प्राप्तिका निम्ति कृयाशिल सवै एतिहासिक व्यक्तित्वप्रति म हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु ।*

*नेपाल राष्ट्रको एकिकरण, प्रजातान्त्रिकरण, आधुनिकिकरण एवं मुलुकको अखण्डताको संरक्षण गरि प्रजातान्त्रिक राज्य प्रणाली स्थापनाका निम्ति हामीकहाँ भएको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन सफल बनाउन राजसंस्था र प्रजातन्त्रका निम्ति समर्पित नेपाली जनता सबैको संयुक्त प्रयत्न रहेको हो । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय गतिशीलताका लागि मैले आफू पन्छिएर पनि मार्ग प्रशस्त गरिदिएको हुँ, तर राष्ट्रको सर्वोत्तम समुन्नतिको आकांक्षावाट म पृथक छैन । दुर्भाग्यवस, नेपालको राष्ट्रियता, अखण्डता र राज्य व्यवस्थाको नयाँ विधि एवं प्रकृया नेपाल र नेपालीको हित एवं अग्रगतिका निम्ति साधक शिद्ध हुन नसक्नु सबैका लागि दुःखद कुरा हो । अहिले देशमा गतिहिनता, संवेदनहिनता, अनेकता तथा विग्रहको अवस्था देखिएको छ । भविष्यको सुन्दर सपना, शान्ति तथा स्थिरताको चाहना राख्ने नेपाली जनता ज्यादै मर्माहत बनेको अनुभूति मैले गरेको छु ।*

*हामी नअल्मलिई राष्ट्रको भूवनोट, समाजिक स्वरूप, धर्म, संस्कृति र परम्परालाई स्पर्श गरेर सही दिग्दर्शन तर्फ उद्दत हुन म सवैसँग हार्दिक आव्हान गर्दछु ।*

*श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् । जय नेपाल*

## राप्रपा...

जागरण फैलाउने निर्णय गरेको छ । राप्रपा नेपालको यो निर्णयबाट सत्तासीन एमालेसमेत झस्किन पुगेको छ । दिल्ली भ्रमण अघि र पछि पनि प्रम केपी ओलीले उपप्रम तथा राप्रपा नेपालका अध्यक्ष कमल थापाको पटक पटक मान मर्दन गरेका छन् । त्यो कदापि कमल थापाका लागि स्वीकार्य छैन र अव सत्तामात्र होइन, व्यवस्थामा समेत परिवर्तन ल्याउने रणनीति राप्रपा नेपालले लिएको अनुमान गरिएको छ ।

राप्रपा नेपालका उपाध्यक्षद्वय ट ढकाल र हरिनारायण यादवले राजतन्त्र र हिन्दू अधिराज्य पुनःस्थापित गराउन हिन्दू जागरणसभा सुरु गरिएको बताएका छन् । घटनाक्रम र राजनीतिक दलहरूको असफलता देख्दा लाग्छ, नेपाली राजनीतिमा छिटै यू टर्न आउनेवाला छ ।

## रामचन्द्र कि...

विदेशी समर्थनका कारण रामचन्द्र अन्तमा थच्चिने सम्भावना आँकलन गरिदैछ ।

अर्जुननर्सिङ केसीले एकजना सभापति बनेर अर्को संसदीय दलको नेता बन्ने र वेटिङ पीएम बने पार्टीपंक्तिमा राम्रो सन्देश जाने र विपक्षीहरूले कंग्रेसको एकतालाई कम नआँक्ने स्थिति हुनेथियो भन्ने प्रस्ताव गरेका छन् । केही दिन अघि दिल्ली पुगेर फर्केका रामचन्द्रलाई दिल्लीले उचालेछ कि के हो उनी कुनै हालतमा सभापतिको उमेदवारी छाड्दिन भन्न थालेका छन् ।

कांग्रेस त्यसै पनि भवानीपुरको भीडबाट जन्मेको पार्टी हो । ७ दशक पुरानो पार्टीमा पहिलोपटक कोइराला इतरको दावी नरहेको स्थितिमा चुनाव हुनगइरहेको छ । यस्तो चुनावमा किन ठूला नेता सम्मानित भएर युवालाई नेतृत्व हस्तान्तरण नगर्ने भन्ने पनि कुरा उठेको छ । तर सत्तालोलुप देउवा र रामचन्द्रले आफ्नो हठ त्याग गर्न नमान्दा ठूलै भिडन्तको स्थिति देखिन्छ । प्यानलै बनाएर चुनाव हुने खतरा बढ्दै गएको छ । त्यसै पनि ६०–४०को मानसिकता सकिएको छैन, प्यानले चुनाव भयो भने मानसिक द्वन्द्व अझ चर्कने निश्चित छ ।

## तरुनी देख्यो...

इज्जतमा धक्का लाग्न गएको छ । यी दुबै न्यायाधीशले टिलपिल हुनेगरी रक्सी धोकेर यौन दुर्व्यवहार गरेका थिए । यो कुरा प्रहरीबाट समेत पुष्टि भइसकेको छ भने न्यायाधीश दुबैले कबुल पनि गरेका छन् ।

स्थानीयवासीले रंगेहात पक्राउ गरेर प्रहरीलाई जिम्मा लगाएका न्यायाधीशलाई संरक्षण दिनु भनेको न्याय व्यवस्थालाई कमजोर पार्नु र जनताको दृष्टिमा साख गिर्दै गएको न्यायालयको साख अझ धुमिल पार्नु होइन र प्रधानन्यायाधीशज्यू ?

पक्राउ परेपछि प्रहरीलाई दिएको बयानमा तरुनी देखेर यौनइच्छा थाम्न सकिएन भनेर न्यायाधीशले बयान दिएको प्रहरीस्रोतको दावी छ । यी कस्ता न्यायाधीश हुन् जो यौनइच्छा रोक्न सक्दैनन्, यिनले स्वच्छ न्याय कसरी दिएका होलान् ?

## बाटो...

समाधान हुनुपर्ने बताएका थिए ।

संविधानमा मधेसी दलहरूको चाहना अनुसार नागरिकताको व्यवस्था र समुचित सीमांकनको निर्धारण तय नभएको बारे बाँकी मुद्दा संवाद र सहमतिमा सुल्झने भन्दै मोदीले गरेको टिप्पणीप्रति नेता नेपालले असन्तुष्टी जनाएका हुन् । उनले भने उहाँहरूले अर्थात् भारतीय नेताहरूले नेपालको मामिलामा चासो नराखेकै राम्रो हुन्छ, आइतबार प्रेस चौतारी झापाले विर्तामोडमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता नेपालले त्यस्तो बताएका हुन् । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै नेता नेपालले भने जनताको अभिमतका आधरमा नेपाली आफैले निर्णय गर्छन् भन्दै उनले भने मधेसी दलहरूले उठाएको सीमाकंनको विवाद जनताको मतका आधारमा टुंग्याइने बताउँदै नेपालको संविधानले सबै जातजाति र वर्ग, समुदायलाई विशेष अधिकार दिएको जिकर गरे । त्रिदेशीय समझदारीका आधारमा मात्र नेपालको आर्थिक विकास र प्रगति सम्भव रहेको बताउँदै नेपालले भारत र चीनलाई समदूरीमा राख्न चाहेको बताउँदै संविधन कार्यान्वयनका लागि स्थानीय निकायको निर्वाचन घोषणा गरेर अघि बढ्नुको अर्को कुनै विकल्प बाँकी नभएको बताएका थिए ।

प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीको संयुक्त पत्रकार सम्मेलनमा मोदीले उठाएका कुराप्रति असन्तुष्टी जाहेर गरेको नेता नेपालले झुक्नु पर्ने हो, २०६२/६३ सालदेखि नै तिनै भारतीय नेताहरूको लहडैमा राजनीतिक दलहरू लागेका र उनीहरूकै सहयोग र सहभागितामा १२ बुँदे हुँदै अनेक सम्झौताहरू भएका हुनाले अहिले भारतीय नेताहरूले नेपालको संविधानप्रति आफ्ना कुरा राख्न उचित नै हो । त्यो बाटो नेता नेपालजस्तै नेपाल कै नेताहरूले खोलिदिएका हुन् । आफ्नो स्वार्थ पुरा भए सबै ठीक नभए विरोध गर्ने प्रवृत्तिने राजनीतिक चरित्र बनेको अवस्थामा राजनीतिक दल र तीनका नेताहरूको अवस्था कस्तो होला ।

## न्यायाधीश...

न्यायाधीश नियुक्त गर्ने निकाय न्यायपरिषद्मा नेपाल बारले तत्काले आफ्नो प्रतिनिधि नपठाउने निर्णय गरेपछि न्यायपरिषद नै अहिले अपूर्ण रहेको छ । न्यायपरिषद्मा प्रधानन्यायाधीश अध्यक्ष रहने पाँच सदस्य परिषद्मा हाल नेपाल बार र सरकारले सिफारिस गर्ने दुई जना सदस्यको पद रिक्त रहेको छ । नयाँ संविधानले अरु संवैधानिक निकायको पदाधिकारीको निरन्तरता रहने भने पनि न्यायपरिषद्मा नेपाल बार र सरकारबाट सिफारिस हुने सदस्यको विषयमा नयाँ संविधानले कुनै व्यवस्था नगरेको हुनाले न्यायपरिषद्का तत्कालिन सदस्यहरू रामप्रसाद श्रेष्ठ र रामप्रसाद सिटौला स्वतः पदमुक्त भएपछि न्यायपरिषद् अपूर्ण रहेको हो । अपूर्ण न्यायपरिषद्को बैठकसम्म बस्न सकेको छैन भने तत्काल सुनुवाई सम्बन्धी नियमावली आउन सक्ने सम्भावना समेत देखिएको छैन । सुनुवाई नियमावली नबनेसम्म न्यायपरियषद्मा सिफारिस गरिएपनि सिफारिस भएकाहरूको सुनुवाई हुनसक्ने सम्भावना नै देखिँदैन । नियमावली नबने पनि बहुमतका आधारमा परिषद्बाट निर्णय लिनका लागि परिषद् पदाधिकारीहरूबीच नै मतभेत रहेको स्रोतको दाबी छ ।

कानुनन व्यवसायीहरु बाटै सर्वोच्च अदालतको न्यायाधीश बनाउने विषयमा नै मतभेद रहेको छ । यतिबेला कानुनमन्त्री अग्नी खरेलले हाल महान्यायाधिवक्ता रहेका हरिकृष्ण कार्कीलाई भावी प्रधानन्यायाधीश बन्ने गरी सर्वोच्चको न्यायाधीशमा अघि सारेका छन् । हाल सर्वोच्चका न्यायाधीश चोलेन्द्र शमशेर राणाभन्दा मुनी राखेर कार्कीलाई न्यायाधीश बनाउने कसरतमा खरेल लागेका हुनाले न्यायपरिषद्भित्रै मतभेद रहेको छ । अहिले परिषद्मा प्रधानन्यायाधीश श्रेष्ठ, वरिष्ठ न्यायाधीश सुशील कार्की र कानुनमन्त्री खरेल सदस्य रहेका छन् । अलिहे पात्र बदलिए पनि परिषद्भित्र हिजोकै नियत दोहोरिएको छ । तत्कालिन कानुनमन्त्री नरहरि आचार्यले उपेन्द्रकेशरी न्यौपानेलाई न्यायाधिश बनाउन राखेको प्रस्तावमा परिषद सहमत हुन सकेको थिएन, अहिले पनि त्यस्तैदेखिएको छ । यी सबै कारणहरूले गर्दा प्रधानन्यायाधीश कल्याण श्रेष्ठ पनि सर्वोच्च अदालतमा न्यायाधीशहरु नियुक्त गर्न नसकी पदमुक्त हुने प्रायः निश्चित जस्तै देखिएको छ । राम्रा मान्छे भन्दा हाम्रा मान्छे भन्ने प्रवृत्ति नहटेसम्म कुनै पनि क्षेत्रमा प्रगति हुन सक्ने सम्भावना देखिएको छैन ।


घर वरिपरिको वातावरण
सफा र स्वच्छ राखौं,
रोग व्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


